# राजश्व सुधार कार्ययोजना

## २०८१

## (Revenue Improvement Action Plan)



## भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## फुस्रेटार, तनहुँ

## गण्डकी प्रदेश, नेपाल

## मन्तव्य

नेपालको संविधान २०७२ ले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीन वटै तहको कार्य जिम्मेवारी निर्धारण गरेको छ। स्थानीय तहका आन्तरिक आम्दानी वृद्धि गर्नका लागि करको दरभन्दा दायरा फराकिलो बनाउनु पने हुन्छ। यसरी कर तथा गैह्र कर सेवालाई जनमुखी बनाई सेवा प्रवाहलाई छिटो छरिटो गरी नागरिकका सेवाहरुको उपलब्ध गराउनु पने हुन्छ। यसका लागि स्थानीय तहको आन्तरिक आय एवं राजश्व सुधार कार्ययोजना निर्माण गर्नु पने आवश्यकतालाई महशुस गरी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराले यस भानु नगरपालिका लागि त्रिवर्षे राजश्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयन गर्नका लागि उपलब्ध गराइएको आर्थिक सहयोगले समग्र नगरपालिकाको राजश्व क्षमता वृद्धि गर्नका लागि थप सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी आन्तरिक आम्दानी वृद्धिका लागि विभिन्न रणनीति एवं सुधारका कार्ययोजना तर्जुमा गर्न आर्थिक सहयोग गर्ने गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नदीपुर पोखरा र सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम परामर्शदाता संस्था छनौट भई नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ देखि आर्थिक वर्ष २०८३/०८४ सम्मका त्रिवर्षे राजश्व सुधार कार्ययोजना निर्माण गर्न सहयोग गर्ने परामर्शदाता संस्था स्पीड सोलुसन नेपाल प्रा.लि., तनहुँलाई समेत समग्र नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछौ। यसै गरी यस योजना तयार गर्ने कममा सकिय सहभागी भई सहयोग गर्नुहुने पदाधिकारीज्यूहरु तथा कर्मचारी सबैलाई धन्यवाद दिन चाहन्छौ। अन्तमा, प्रस्तुत राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न थप सहयोग भई स्थानीय तहको सेवा प्रवाहमा सहज हुनेछ भन्ने विश्वास लिंदै गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नदीपुर, पोखरालाई पुनः धन्यवाद व्यक्त गर्दै आगामी आर्थिक वर्षहरुमा पनि प्रतिष्ठानको सहयोग निरन्तरता हुनेछ भन्ने आशा एवं विश्वास व्यक्त गदछौ।

आनन्द राज त्रिपाठी
नगर प्रमुख

*“साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो,पारौं समृद्ध र समुन्नत भानु राम्रो”*

9856005111 Email: info@bhanumun.gov.np/bhanumunicipality@gmail.com Website: www.bhanumun.gov.np

पत्र संख्या :-..............

चलानी नं :-................ मिति :-..................................

## मन्तव्य

यस राजश्व सुधार कार्ययोजना (Reveune Improvement Action Plan) को कार्यान्वयन नगरपालिकाबाट समग्र विकास निमार्ण लगायतका कार्यक्रम गर्न सहयोग पुग्नेछ। यस कार्ययोजनाले दिएका योजना मार्फत नगरपालिकाको राजश्व परामर्श समितिले समेत तोकिएका कार्यहरु तोकिएकै समयावधि भित्र कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्ष लिएकी छु। यस राजश्व सुधार कार्ययोजना आर्थिक वर्ष २०८१/०८२ देखि आर्थिक वर्ष २०८३/०८४ सम्मको रहनेछ। नगरपालिकाको नगर सभाबाट केही परिर्माजन तथा संशोधन गर्न आवश्यक भएमा नियमानुसार बजेट लगायत विविध कार्यहरुमा केही फेरबदल गर्न सकिने छ। साथै यस राजश्व सुधार कार्ययोजना निर्माण गर्नका लागि आर्थिक सहयोग गर्ने गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नदीपुर, पोखरा र परामर्शदाता संस्था स्पीड सोलुसन नेपाल प्रा.लि., तनहुँलाई विषेश धन्यवाद व्यक्त गर्दछौं। आगामी समयमा पनि सहयोगको निरन्तरता हुनेछ भन्ने पूर्ण विश्वस्त छौं।

उमा गोतामे
नगर उप-प्रमुख

"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो,पारौँ समृद्ध र समुन्नत भानु राम्रो"
9856005111 Email: info@bhanumun.gov.np/bhanumunicipality@gmail.com Website: www.bhanumun.gov.np

## मन्तव्य

यस भानु नगरपालिकाको समग्र आन्तरिक आम्दानीलाई सहज, सरल र प्रभावकारी रुपमा नगरवासीहरुसँग कारोबारको आधारमा कर, शुल्क र दस्तुर असुल गर्नका लागि यस राजश्व सुधार कार्ययोजनाले विषेश सहयोग पुग्नेछ। यो योजना त्रिवर्षीय (२०८१/०८२ देखि आर्थिक वर्ष २०८३/०८४) सम्म कार्यान्वयन गर्नका लागि राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरिएकोमा म हर्षित छु। साथै यस राजश्व सुधार कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाबाट आफ्नो सम्बन्धित वडा कार्यालयसँग समेत आवश्यक समन्वय गरी थप व्यवस्थित रुपमा कार्यान्वय गरी आन्तरिक आम्दानी वृद्धि गर्न सकिने आशा लिएको छु। यस प्रतिवेदन तयार पाने कममा सक्िय सहयोग पुर्‍याए वापत नगरपालिका प्रमुखज्यू, उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी वर्ग लगायत परामर्शदाता संस्था स्पीड सोलुसन नेपाल प्रा.लि., तनहुँका विज्ञहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै, यस कार्यका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गरिदिनु भएकोमा श्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नदीपुर, पोखराप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी समयमा पनि आवश्यक सहयोग एवं सुझावको अपेक्षा गर्दछु।

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## परामर्शदाताको तर्फबाट

**प्रतिवेदन तयारी**

| | |
|---|---|
| **शीर्षक :** | भानु नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण |
| **तयार गर्ने :** | भानु नगरपालिका ,फुस्रेटार, तनहुँ |
| **आर्थिक सहयोग :** | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेश, पोखरा |
| **मिति :** | २०८१ |

# विषय-सूची


परिच्छेद एक : परिचय ........ १

१.१ पृष्ठभूमि : ........ १

१.२ राजश्व सुधार योजनाको औचित्य : ........ २

१.३ योजनाको उद्देश्यहरु : ........ ३

१.४ योजना तर्जुमा विधि तथा प्रक्रिया : ........ ३

१.५ योजनाका सिमाहरु : ........ ६

परिच्छेद दुई : नगरपालिकाको संक्षिप्त परिचय ........ ७

२.१ नगरपालिकाको संक्षिप्त परिचय : ........ ७

२.३ नगरपालिकाको भौतिक अवस्था सम्बन्धी विवरण : ........ ९

परिच्छेद तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता ........ १२

३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था : ........ १२

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था : ........ १५

३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण : ........ २०

परिच्छेद चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ........ २८

४.१ राजश्व परिचालन सम्बन्धी नीति : ........ २८

४.२ आय सङ्कलनको संस्थागत क्षमता : ........ २९

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन : ........ ३०

४.४ राजश्व परिचालनमा रहेका सवालहरु : ........ ३२

परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना ........ ३५

५.१ नगरपालिकाको राजश्व सुधार कार्ययोजना : ........ ३५

परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण ........ ४४

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण : ........ ४४

६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजश्व प्रक्षेपण : ........ ४४

परिच्छेद सात : अपेक्षित नतिजा ........ ४७

७.१ नगरपालिकाको संक्षेपमा आय अनुमान : ........ ४७

परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन ........ ४९

८.१ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन : ........ ४९

८.२ अनुगमन तथा मूल्याङ्कन समितिको संरचना : ........ ५१

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि :

राज्य शक्तिको बाँडफाँड मार्फत स्थानीय सरकारलाई प्राप्त २२ एकल अधिकार र संघ तथा प्रदेश सरकारसँगको साझा अधिकारको परिपालना नगरपालिकाका लागि थप अवसरको रुपमा प्राप्त भएका छन् । यिनै अधिकारको आधारमा नगरपालिकामा वार्षिक तथा आवधिक योजना बनाउने गरिन्छ । अधिकांश योजनाहरु खर्चसँग सम्बन्धित पर्दछन् । यस राजश्व सुधार कार्ययोजना आम्दानीको लागि बनाइएको योजना हो जुन तीन वर्षका लागि तर्जुमा गरिएको छ र नगरपालिकाले आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गरी सुधार गर्दै जाने विषय पनि यसै कार्ययोजना भित्र रहेको छ ।

नेपालको संविधान र प्रचलित कानुनले आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषिमा आयकर लगाउने अधिकार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, घर बहाल कर र व्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । यसैगरी गैर करहरुमा राहदानी शुल्क, भिषा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना लगाउने अधिकार संघीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नु पर्ने व्यवस्था छ भने कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

स्थानीय तहका प्रत्येक नगरपालिका र नगरपालिकाले राजश्व असुली तथा खर्च सम्बन्धी विषयमा सम्बन्धित सभा समक्ष विधेयकको रुपमा प्रस्ताव राखी सो प्रस्ताव बहुमतबाट पारित गरी सो पारित भएको विधेयकलाई प्रदेश कानुन बमोजिम (धारा २२६) प्रमाणित गरी ऐनको रुप लिएपछि मात्र आम्दानी तथा खर्च गर्न मिल्छ । स्थानीय तहले कुनै कर लगाउँदा त्यस्तो करको आधार, दर र सङ्कलन गर्ने तौरतरिका कानुनमा व्यवस्था गरेर मात्रै गर्नु पर्छ ।

स्थानीय तहको सीमित कराधार, स्थानीय तह बीच वित्तीय स्रोतको असमानता, खर्चको जिम्मेवारी र प्राप्त आय बीचको बढ्दो दुरी, राजश्व परिचालन क्षमताको कमी तथा स्थानीय तहहरूको आकार, जनसङ्ख्या, सेवाको आवश्यकता र वित्तीय एवं सङ्गठनात्मक क्षमता जस्ता विषयमा रहेको विविधता आदि जस्ता कारणहरूले स्थानीय तहलाई तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक वित्तीय स्रोतको अभाव पूर्ति गर्न अनुदान दिने गरिन्छ । नेपालको संविधानमा वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ ।

प्रस्तुत प्रतिवेदन भानु नगरपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) हो जसले नगरपालिकाको वित्तीय क्षमताको विकास गर्ने एवं यसलाई सबल बनाउने र

राजश्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ । यो प्रतिवेदन भानु नगरपालिकासँगको सहकार्यमा तयार पारिएको हो ।

## १.२ राजश्व सुधार योजनाको औचित्य :

नेपालको संविधान २०७२ ले तीनै तहका सरकारहरुलाई कार्य जिम्मेवारी सहित ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक श्रोतको व्यवस्था गरेको छ । स्थानीय सरकारलाई राजश्वको अधिकार प्रदान गरिएको छ र त्यही अधिकार पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकारको सक्षमता क्षमतामा वृद्धि गर्नुका साथै निश्चित कार्ययोजनाका साथ अगाडि बढ्नु पर्दछ । संघीय सरकार तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको अलवा आफ्नो अधिकारक्षेत्रमा तोकिएका श्रोतबाट स्थानीय तहले राजश्व परिचालन गरी श्रोत साधनको व्यवस्थापन गर्दछन् । स्थानीय आवश्यकता पुरा गर्ने स्थानीय सरकारको सामार्थ्य गर्नु अपरिहार्य हुन्छ । साथै स्थानीय तहमा नागरिकले तिरेका वा तिर्नु पर्ने रकमको सदुपयोगका सम्बन्धमा पनि नागरिकहरुको चासो र निगरानी रहन्छ । कर सङ्कलनले स्थानीय सरकार नागरिकहरुप्रति अझ बढी उत्तरदायी जिम्मेवार तथा जवाफदेही हुने वातावरण सिर्जना हुन्छ । यसले सेवा प्रवाहमा सुधार हुनुका साथै नागरिकको सरकारप्रति विश्वासनीयता बढ्दछ ।

नगरपालिकाले राजश्व परिचालन सम्बन्धी निर्णय गर्दा उपलब्ध आन्तरिक आयका श्रोतहरुको सम्भाव्यता अध्ययन गर्नु आवश्यक हुन्छ । नगरपालिकामा राजश्व प्रशासनका बारेमा व्यापक छलफल तथा अध्ययन हुनु जरुरी हुन्छ । राजश्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय सरकारको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजश्वको प्रक्षेपणमा यस राजश्व सुधार कार्ययोजना केन्द्रित रहेको छ । यसका औचित्यताहरुलाई बुँदागत रुपमा देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।

१. नगरपालिकाको राजश्वका सम्भावना, नागरिकको कर तिर्न सक्ने क्षमता र राजश्व प्रशासनको विश्लेषण गर्ने ।

२. नगरपालिकाको आन्तरिक आयका आधार, दर र दायराको सम्भाव्यता विश्लेषण गरी राजश्व प्रक्षेपण गर्ने ।

३. नगरपालिकाको आन्तरिक आय सुधारका लागि तयार गर्नु पर्ने कार्ययोजना तयार गरी सो कार्ययोजनाको अनुरुप राजश्व सुधारका कार्यहरु गर्न ।

४. नगरपालिका मार्फत सञ्चालित योजना तथा कार्यकमाहरुको कार्यान्वयन गर्नका लागि श्रोत सुनिश्चित गर्ने ।

५. नगरपालिकाको मध्यकालीन खर्च संरचना र वार्षिक बजेटलाई बढी यर्थाथ परक, प्रभावकारी र नतिजामूलक बनाउन ।

६. नगरपालिकाको राजश्वको अवस्था बारे नागरिकलाई जानकारी गरी पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन ।

## १.३ योजनाको उद्देश्यहरु :

यस अध्ययनको समग्र उद्देश्य भानु नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका सम्भावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका विशिष्ट उद्देश्य निर्धारण गरिएको छ :

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, शाखा प्रमुखहरु तथा राजश्व प्रशासनमा संलग्न कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने ।
- विगत एक वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय बृद्धिका लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आन्तरिक आय सम्बन्धी नगरपालिकाको व्यवसाय करका लागि वर्गीकरण सहितको दररेट र्निधारण गर्ने ।

## १.४ योजना तर्जुमा विधि तथा प्रक्रिया :

आन्तरिक आय सम्भाव्यता अध्ययन तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका कममा अवलम्बन गरिएका विधिहरुलाई देहाय चार चरणमा वर्गीकरण गरिएको छ :

१. पहिलो चरण : सर्न्दभ सामग्रीको अध्ययन गर्ने कार्य
२. दोस्रो चरण : अभिमुखीकरण तथा राजश्व सुधार योजना तर्जुमा कार्यशाला सञ्चालन गर्ने कार्य
३. तेस्रो चरण : तथ्यांक तथा सूचना सङ्कलन र विश्लेषण गर्ने कार्य
४. चौथो चरण : राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण गर्ने कार्य

राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी माथि उल्लिखित चरणहरुमा सम्पादन गरिने कृयाकलापहरुको विषयमा सविस्तार तल वर्णन गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन :

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामग्रीहरु सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस कममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरु देहाय अनुसार रहेका छन् :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- भानु नगरपालिकाको आर्थिक ऐन, २०८०
- नगरपालिकाको सिवगत तिन आ.व.को योजना, नीति बजेट तथा कार्यक्रम पुस्तिका
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निष्काशन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमूनाहरु ।

**१.४.२ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास :**

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरुबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि अवश्यक फारमहरुको विकास गरिएको थियो । नगरपालिकाको राजश्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क सङ्कलनको लागि प्रयोग गरिएको फारम **अनुसूची**मा प्रस्तुत गरिएको छ ।

**१.४.३ तथ्याङ्क/सूचना सङ्कलन :**

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाको कार्यालय, विभिन्न शाखाहरुबाट आवश्यक तथ्याङ्क एवं सूचनाहरु सङ्कलन गरिएको थियो । यस कार्यका लागि कार्यालयका सूचना तथा तथ्याङ्क अभिलेख, सरोकारवाला पक्षहरुसँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्न तथ्याङ्क एवं सूचनाहरु सङ्कलन गरिएको थियो :

- भानु नगरपालिका बारे संक्षिप्त जानकारी
- वर्तमान राजश्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजश्व असुली तथा भौतिक सुविधा आदि)
- राजश्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- विगतका आर्थिक वर्षहरुका यथार्थ आय विवरण
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरुसँग छलफल तथा अवलोकन)
- नगरपालिकाको आ.व.२०७९।०८० को योजना, नीति बजेट तथा कार्यक्रम

**१.४.४ कार्यशाला गोष्ठी :**

भानु नगरपालिकामा २०८० पौष २१ गते कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशालाको अध्यक्षता नगर प्रमुखज्यूले गर्नु भएको थियो भने कार्यक्रमको उद्देश्य माथि प्रकाश गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतज्यूले गर्नु भएको थियो । परामर्श संस्थाका सहजकर्ता कुमार कंचन जि.सी. र प्रेमबहादुर राउतले स्थानीय तहको राजश्व सुधारका सम्बन्धमा भएका कानुनी व्यवस्था र भानु नगरपालिकामा राजश्वका सम्भावनाका बारेमा तथ्याङ्कीय सूचनाका साथै अन्य विषयहरुका बारेमा छलफल भएको कार्यक्रम सञ्चालन नगरपालिकाका वरिष्ठ अधिकृत सुनिल पाण्डेज्यूले गर्नु भएको थियो । त्यसैगरि फागुन ३ गते नगरपालिकाका वडा सचिवहरुका लागि राजश्व सुधार कार्ययोजना

सम्बन्धी छलफल गरी आवश्यक राय, सुझाव सङ्कलन गरी प्रतिवेदनमा समावेश गरिएको थियो सोको सहजीकरण परामर्शदाताका सजकर्ता कुमार कंचन जि.सी.ले गर्नुभएको थियो ।

परामर्शदाताहरुद्वारा सहजीकरण गरिएको यस कार्यशालामा कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजश्व सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजश्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था र प्रभावकारी राजश्व प्रशासन र त्यसका पक्षहरुका बारेमा प्रस्तुती गरी सो प्रस्तुतीमा छलफल गरिएको थियो । कार्यशालामा विशेषगरी कार्ययोजनाको तयारी सम्बन्धी प्राविधिक पक्षलाई समेटिएको थियो । राजश्व सुधार योजना के हो ? त्यसका पक्षहरु के के हुन्छन ? र कार्ययोजना तयारीको खाँका प्रस्तुत गरिएको थियो । त्यस लगत्तै सहभागीहरुलाई समूहमा विभाजन गरी समूहगत रुपमा राजश्व सुधार योजनाको मस्यौदा तयार गर्न लगाई सोको प्रस्तुती गरिएको थियो ।

समूह १. राजश्वका शीर्षकगत दर निर्धारण

समूह २. राजश्व सुधार योजना

समूह ३. अन्य आय सम्भावित क्षेत्र सुधार योजना

समूह ४. राजश्व प्रशासन

उक्त प्रस्तुतीका क्रममा विस्तृत छलफल गरी अन्य सहभागीहरुबाट आएका सुझावहरु सङ्कलन गरी उक्त योजनाको मस्यौदाको रुप तयार गरिएको थियो । विशेष गरी नगरपालिकामा रहेको प्रकृतिक स्रोत साधन र सम्पत्ति करका बारेमा वडाअध्यक्षहरु लगायतबाट आवश्यक छलफल भएको थियो । परामर्शदाताका तर्फबाट थप सूचना तथा तथ्याङ्कहरुका बारेमा कर्मचारीहरुसँग छलफल गरिएको थियो ।

कार्ययोजना कार्यान्वयन गरी नगरपालिकाको राजश्व प्रशासन तथा परिचालन प्रभावकारी बनाउन नगरपालिका परिवार प्रतिबद्ध रहेको कुरा व्यक्त गर्दै कार्यशाला सम्पन्न भएको थियो । सहभागीहरुको उपस्थिति विवरण र कार्यक्रमका तस्विरहरु यस प्रतिवेदनको **अनुसूची ३ र ४** मा प्रस्तुत गरिएको छ ।

### १.४.५ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश :

राजश्व सुधार कार्ययोजनाको मस्यौदा नगर कार्यपालिकाका जनप्रतिनिधिहरु, वडा सचिव लगायत राजश्व परामर्श समितिका पदाधिकारीहरु समक्ष आवश्यक सल्लाह तथा सुझावका लागि पेश गरिएको थियो उक्त मस्यौदा उपर विभिन्न पदाधिकारी तथा कर्मचारीबाट सुझाव प्राप्त भएको थियो ।

### १.४.६ प्रतिवेदनको अन्तिम रुप :

अध्ययनका क्रममा विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कलाई पुनः परीक्षण, मस्यौदा प्रतिवेदन उपर सरोकार पक्षहरु तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा यस अध्ययन प्रतिवेदन तयार गरिएकोछ । यस प्रतिवेदनमा भानु नगरपालिकाको राजश्व सुधार कार्ययोजना र सो कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षहरुका लागि नगरपालिकाको आय प्रक्षेपण र राजश्वका सम्भावित दररेट समेत समावेश गरी कार्ययोजनामा राखिएको छ ।

## १.५ योजनाका सिमाहरु :

नगरपालिकाको राजश्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भए तापनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण गर्ने कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, कार्यालयमा रहेका दस्तावेज एवं प्रतिवेदन साथै द्वितीय स्रोतहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको आधारमा तयार गरिएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित जनप्रतिनिधि, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुसँग भएको छलफलबाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरु विभिन्न कार्यालयहरुको अभिलेख तथा स्थलगत अध्ययनबाट सङ्कलन गरिएको छ ।
- नगरपालिका तथा अन्य कार्यालयहरुबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरु सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनको लागि सबै वडाहरुको आन्तरिक राजश्वको कम्तिामा एक आ.व.को सर्भेक्षण गरिएको छ ।
- यस अध्ययन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले दिएको राजश्व अधिकारको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । अध्ययनको क्रममा नगरपालिकाको सभाबाट आर्थिक ऐन तयार भएको तर नियमावली तयार नभई सकेकोले व्यवसायहरुको वर्गीकरण सहित करको दररेट यस प्रतिवेदनमा सुझावका आधारमा समावेश गरिएको छ ।
- स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरु पदस्थापना भइसकेको छ । यसैगरी प्रदेश तहको राजश्व सम्वन्धी प्रदेश कानुन तर्जुमा समेत भएको छ । संवैधानिक व्यवस्था अनुरुपका उपरोक्त व्यवस्थाहरु पूर्ण भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, भने स्थानीय तहले पनि कानुनद्वारा राजश्वका दररेट र कर क्षेत्रहरु पहिचान गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद दुई : नगरपालिकाको संक्षिप्त परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय :

नेपाल सरकारको मिति २०७२ साल असोज १ गतेको निर्णयानुसार भानु नगरपालिका गठन गरिएको हो । आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदीरम्घा एवं नेपालको राजनीतिक इतिहासका दोस्रो प्रधानमन्त्री रङ्गनाथ पौडेलको जन्मथलो मैवलकोटलाई पूर्व र पश्चिम पारेर वगेको चुँदीखोलाले भाग लगाएको भानु र वरभञ्ज्यङ्ग समेत अन्य गा.वि.स.हरुलाई समावेश गरी यो भानु नगरपालिकाको नामाकरण एवं घोषण भएको हो । नेपालको ऐतिहासिक एवं पर्यटकीय रुपमा परिचित यस भानु नगरपालिका आफैमा महत्व बोकेको नगरपालिकाको रुपमा परिचित रहेको छ ।  तनहुँ जिल्लामा रहेका १० वटा स्थानीयमा ४ वटा नगरपालिकाहरु रहेका छन् । जस मध्येको भानु नगरपालिका पनि एक हो । यो नगरपालिकाको सिमानामा व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र गोरखा जिल्ला र लमजुङ जिल्ला रहेको छ । यस नगरपालिकामा १३ वटा वडाहरु रहेका छन् । जसमध्ये सीमित वडाहरु केही बजार क्षेत्रका वडाहरु छन् भने अत्यधिक वडाहरु बजार उन्मुख एवं ग्रामिण वडाहरु भित्र रहेको तथ्याङ्कबाट पाइयो । गण्डकी प्रदेश भित्र रहेको तनहुँ जिल्ला भित्रका १० स्थानीय तह मध्ये लगभग जिल्लाको पश्चिम उत्तर सिमानामा रहेको यस नगरपालिका जिल्लाको सदरमुकाम दमौलीदेखि करिब १८ कि.मी. पूर्व उत्तरतर्फ रहेको यस नगरपालिका चितवन जिल्लाको पर्यटकीय क्षेत्र सौराहाबाट करिब ६० कि.मी. र कास्की जिल्लाको पर्यटकीय शहर पोखराबाट करिव ७१ कि.मी.को दुरीमा रहेको छ । आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घा, प्रसिद्ध थानीमाइ मन्दिर, मिर्लुङकोट लगायतका जस्ता पर्यटकीय क्षेत्रहरु समेत रहेको यस नगरपालिका पर्यटकीय क्षेत्रको धनी नगरपालिकामा पर्दछ । ससाना बजारको वस्ती र ग्रामीण बसोबासको अग्रगतिमा बढेको यस नगरपालिकामा ससाना होटल तथा ससाना बजारको स्थापना हुने कम समय अनुसार वृद्धि हुँदै गएको पाइन्छ । यहाँ विभिन्न धर्मका अनुयायीहरु जस्तै हिन्दु, बौद्ध र क्रिस्चियनहरुको बसोबास रहेको छ, जसले सर्वलौकिक संस्कृति झल्काउँछ । यहाँको मुख्य भाषा भनेको नेपाली हो, त्यस्तै गुरुङ्ग ,मगर, नेवार, भुजेल, बाहुन क्षेत्री लगायतका जातजातिहरु बसोबास गर्ने नगरपालिकामा अन्य मातृभाषा पनि बोलिने गर्दछन् । २०७८ सालको राट्रिय जनगणना अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्या १२,७०५ रहेको छ भने जनसंख्या ४५,७९२ मध्ये पुरुषको जनसंख्या ४५.६ प्रतिशत र महिलाको जनसंख्या ५४.४ प्रतिशत रहेको छ । यस नगरपालिका क्षेत्रफल १८४ वर्ग कि.मी. रहेको छ  ।

**तालिका १: नगरपालिकामा समावेश भएका साविका गा.वि.स.हरुको विवरण**

| सि.नं. | समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. |
|---|---|---|
| १ | साविक भानु गा.वि.स. | पूरै भाग समावेश भएको |
| २ | साविक बसन्तपुर गा.वि.स. | पूरै भाग समावेश भएको |
| ३ | मिर्लुङ  गा.वि.स. | पूरै भाग समावेश भएको |
| ४ | रिस्ती गा.वि.स. | वडा नं.१ देखि ६ सम्म |
| ५ | सतिस्वाँरा गा.वि.स. | वडा नं.१ देखि ५ सम्म |
| ६ | चोक चिसापानी गा.वि.स. | पूरै भाग समावेश भएको |
| ७ | रुपाकोट गा.वि.स. | पूरै भाग समावेश भएको |
| ८ | पूर्कोट गा.वि.स | पूरै भाग समावेश भएको |
| ९ | तनहुँसुर गा.वि.स | वडा नं. १ देखि ३ सम्म |

स्रोतः भानु नगरपालिका २०८०

यस नगरपालिकाको क्षेत्र समथर, भिरालो पहाड र उर्वर खेती योग्य जमिन पनि रहेको छ । यस नगरपालिकामा धेरैजसो ग्रामिण शैलीको बसोबास रहेको छ। आर्थिक गतिविधिका हिसाबले बलियो हुन सक्ने सम्भावना नै सम्भावना बोकेको यस नगरपालिकामा विभिन्न किसिमका साना व्यापार, व्यवसाय तथा विभिन्न सहकारी संघसंस्थाहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा व्यापार व्यवसाय, कृषि तथा पशुपालनको प्रमुख भूमिका रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । विभिन्न खाले कृषि सहकारीहरु मार्फत् यहाँका कृषकहरुले विभिन्न खाले आय आर्जनका कृयाकलापहरु गरिरहेका छन् । स्थानीय उत्पादनहरु, तरकारी, खाद्यान्न, कपडा, किराना तथा कस्मेटिक सामानका व्यापार हुने यस नगरपालिकामा भन्सार बजार, स्याउली बजार, तुरतुरे बजार लगायत अन्य ससाना पसल तथा होटेलहरु समेत सञ्चालनमा रहेको पाइन्छ भने अन्य ससाना क्षेत्रहरु बजार उन्मुख बजारहरुको वृद्धि हुँदै गएको देखिन्छ ।

**तालिका : २ भानु नगरपालिकाका पर्यटकीय एव ऐतिहासिक स्थल सम्बन्धी विवरण**

| सि.नं. | स्थान | विवरण | महत्व |
|---|---|---|---|
| १. | भानु न.पा. | आदिकवि भानुभक्त जन्मस्थल चुँदीरम्घा | पर्यटकीय/ऐतिहासिक |
| २. | भानु न.पा. | बसन्तपुर थानीमाई मन्दिर | साँस्कृतिक/ ऐतिहासिक |
| ३. | भानु न.पा. | मिर्लुङकोट | पर्यटकीय |
| ४. | भानु न.पा. | दुर्गाजामे मस्जित | साँस्कृतिक/ ऐतिहासिक |
| ५ | भानु न.पा. | सतिघाट | साँस्कृतिक/ ऐतिहासिक |

स्रोतः भानु नगरपालिका २०८०

## २.२ नगरपालिकामा मानव संशाधनको अवस्था :

राजश्व शाखामा एक जना कर्मचारीबाट कार्यसम्पादन भइरहेको छ । राजश्व शाखामा कर्मचारी सम्बन्धी विवरण पद र तह उल्लेख गरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका नं.३ राजश्व शाखाको दरबन्दी विवरण**

| सि.न. | कर्मचारीको तह श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|
| १. | सहायक पाँचौ | १ | |
| २. | सहायक पाँचौ | १ | आ.ले.प. शाखाबाट समेत सहयोग गर्ने गरेको |

स्रोतः भानु नगरपालिका २०८०

### २.२.१ नगरपालिकाको संगठन स्वरुप :

भानु नगरपालिकाको सङ्गठन स्वरुप हेर्दा वर्तमान अवस्थामा देहाय अनुसारको शाखाहरु रहेको छन् :

- प्रशासन शाखा
- लेखा शाखा
- राजश्व शाखा
- योजना शाखा
- पशु विकास शाखा
- कृषि विकास शाखा
- स्वास्थ्य तथा जनसंख्या शाखा
- सूचना प्रविधि तथा रोजगार शाखा
- शिक्षा शाखा
- आ.ले.प. शाखा
- पञ्जीकरण शाखा
- महिला विकास शाखा

नगरपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत जनशक्तिको अवस्था न्यून रहेको छ । हाल नगरपालिकाका कर्मचारी स्थायी, अस्थायी र करारमा कार्यरत रहेका छन् । खासगरी नगरपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरुको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग प्रष्ट देखिन्छ । खासगरी नीति तर्जुमा र बजेट कार्यान्वयनमा नगर कार्यपालिकालाई सघाउ पुऱ्याउने अधिकृतस्तरका कर्मचारीहरु निकै न्यून रहेको देखिन्छ ।

## २.३ नगरपालिकाको भौतिक अवस्था सम्बन्धी विवरण :

यस नगरपालिकाको स्वामित्वमा रहेको जग्गा जमिन तथा भवनको लगत निम्नानुसार अद्यावधिक गरेको देखिन्छ ।

(क) **नगरपालिकाको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विवरण :**

**तलिका नं.४ नगरपालिकाको स्वामित्वमा रहेको जग्गाको विवरण**

| सि.नं. | नक्शा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | हालको उपयोग |
|---|---|---|---|---|
| १. | नागरुङ ३/ख | १ | १४-११-३-२ | साविक वरभञ्ज्याङ्ग गा.वि.स भवन |
| २. | दोरदोर ३/ख | १० | ८-०-०-० | भानु नगरपालिका कार्यालय, फुस्रेटार |
| ३. | दोरदोर ५/ढ | ५ | ३-५-०-१ | ल्याण्डफिल साइडको उपयोग हुने जग्गा |
| ४. | | ८ | ०-११-२-१ | |
| ५. | | ११ | २-८-०-३ | |
| ६. | | ९ | १-५-१-० | |
| ७. | | १२ | १-१२-१-० | |
| ८. | | १३ | १-४-१-१ | |
| ९. | | १४ | ३-११-०-२ | |
| १०. | | १५ | १-२-२-३ | |
| ११. | | १६ | १-९-२-३ | |
| १२. | | १७ | २-१४-०-२ | |

स्रोतः भानु नगरपालिका २०८०

(ख) **नगरपालिकाको स्वामित्वमा रहेको भवनहरुको विवरण :**

**तालिका नं.५ नगरपालिकाको स्वामित्वमा रहेको भवनहरुको विवरण**

| सि.नं. | भवनको अवस्था | भवनको प्रयोग | कैफियत |
|---|---|---|---|
| १. | कच्ची भवन | नगरपालिका कार्यालय | प्रयोग |
| २. | पक्की भवन | १ नं. वडा कार्यालय | भाडा |
| ३. | पक्की भवन | २ नं. वडा कार्यालय | सरकारी |
| ४. | पक्की भवन | ३ नं. वडा कार्यालय | सरकारी |
| ५. | पक्की भवन | ४ नं. वडा कार्यालय | सरकारी |
| ६. | कच्ची | ५ नं. वडा कार्यालय | भवन नभएको |
| ७. | पक्की भवन | ६ नं. वडा कार्यालय | सरकारी |
| ८. | पक्की भवन | ७ नं. वडा कार्यालय | सरकारी |
| ९. | पक्की भवन | ८ नं. वडा कार्यालय | सरकारी |
| १०. | पक्की भवन | ९ नं. वडा कार्यालय | सरकारी |
| ११. | पक्की भवन | १० नं. वडा कार्यालय | निर्माणाधीन |
| १२. | पक्की भवन | ११ नं. वडा कार्यालय | सरकारी |
| १३. | पक्की भवन | १२ नं. वडा कार्यालय | सरकारी |
| १४. | पक्की भवन | १३ नं. वडा कार्यालय | सरकारी |

स्रोतः भानु नगरपालिका २०८०

**(ग) नगरपालिकाको स्वामित्वमा रहेको सवारी साधनहरुको विवरण :**

**तलिका नं.६ नगरपालिकाको स्वामित्वमा रहेको सवारी साधनहरुको विवरण**

| सि.नं. | सवारी साधनको नाम | संख्या | उपयोयको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | टाटा स्ट्रोम जिप | १ | नगर प्रमुख | बा.२.भ.३५११ |
| २. | महिन्द्रा वोलेरो जिप | १ | नगर उपप्रमुख | ग.१ भ.२८२ |
| ३. | महिन्द्रा स्कर्पियो पिकअप जिप | १ | प्रमुख प्रशासकीय अधिकृत | ग.१.भ.६३२ |
| ४. | आइसर टिपर | १ | सरसफाई सवारी साधन | ग.१.ग.१६८ |
| ५. | एम्बुलेन्स | १ | स्वास्थ्य शाखा | ग.१.भ.६१४ |
| ६. | मोटर साइकल तथा स्कुटर | १६ | वडा अध्यक्ष, का.पा. सदस्यहरुले प्रयोग | |
| ७. | मोटर साइकल तथा स्कुटर | २५ | प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुले प्रयोग | |
| ८. | ब्याकहो लोडर | १ | सडक सरसफाई | ग.१.भ.२४१ |

स्रोतः भानु नगरपालिका २०८०

**राजश्व प्रशासन :**

राजश्व प्रशासनको सन्दर्भमा बेग्लै राजश्व शाखा भए तापनि अर्थपूर्ण किसिमको शाखाको संस्थागत संरचना स्थापना भएको छैन । नगरपालिकाको आन्तरिक आय एवं राजश्वको जिम्मेवारी १ जना सहायकस्तरको कर्मचारीले मुख्य कार्यालयमा एवं राजश्व शाखामा रही कार्य गरेको देखिन्छ भने वडा स्तरमा सम्बन्धित वडा सचिवले राजश्व सङ्कलन गरी बुझाउने गरेको पाइयो । नगरपालिकाको आन्तरिक राजश्व सङ्कलन कम्प्यूटर प्रणालीबाट विलिङ्ग मार्फत सञ्चालन भए तापनि छुट्टै सफ्टवयर मार्फत विलिङ्ग गरिएको अवस्थामा मुख्य कार्यालयको नेटवर्कमा रहेको छैन । तसर्थ हाल नगरपालिकामा प्रत्यक्ष रुपमा राजश्वको काम छुट्टै कम्तिमा १ जना अधिकृत सहित दुई जना कर्मचारीलाई जिम्मेवारी प्रदान गरी आन्तरिक राजश्व सङ्कलन गर्नु पर्ने देखिन्छ । नगरपालिकाले राजश्व असुली कार्यमा कम्प्युटकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवयर सहितको) भएको छ । कतिपय शीर्षकहरु जस्तो निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै सङ्कलन गर्ने व्यवस्था रहेको छ भने आयठेक्का र घर नक्शा दस्तुर भने कार्यालयबाटै असुली भएको छ । त्यसैगरि नगरपालिकामा छुट्टै राजश्व शाखाले वडा स्तरको समेत अनुगमन गर्ने गरी आवश्यक कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्ष व्यवस्थाको कार्य प्रारम्भ गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था लगायत आन्तरिक स्रोततर्फ यस नगरपालिकाको राजश्व सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतिहरु शीर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था :

### ३.१.१ संवैधानिक व्यवस्था :

**तालिका ७ तहगत राजश्व अधिकार**

| संघ सरकार | प्रदेश सरकार | स्थानीय तह | साझा अधिकार |
|---|---|---|---|
| - भन्सार<br>- अन्त शुल्क<br>- मूल्य अभिवृद्धि कर<br>- संस्थागत आय कर<br>- व्यक्तिगत आय कर<br>- पारिश्रमिक कर<br>- राहदानी शुल्क<br>- भिषा शुल्क<br>- पर्यटन दस्तुर<br>- सेवा शुल्क दस्तुर<br>- दण्ड जरिवाना | - घर जग्गा रजिष्ट्रेशन दस्तुर<br>- पर्यटन<br>- सवारी साधन कर<br>- मनोरञ्जन कर<br>- हाटबजार व्यवस्थापन<br>- विज्ञापन कर<br>- हाटबजार व्यवस्थापन<br>- कृषि आयमा कर<br>- सेवा शुल्क दस्तुर<br>- दण्ड जरिवाना | - सम्पत्ति कर<br>- मालपोत तथा भूमि कर<br>- हाटबजार व्यवस्थापन<br>- सवारी साधन कर<br>- मनोरञ्जन कर<br>- घर बहाल कर<br>- विज्ञापन कर<br>- व्यवसाय कर<br>- घर जग्गा रजिष्ट्रेशन दस्तुर<br>- प्राकृतिक स्रोतको आय<br>- सेवा शुल्क दस्तुर (नक्शापास दस्तुर समेत)<br>- व्यक्तिगत घटना दर्ता<br>- सेवा शुल्क दस्तुर | - सेवा शुल्क<br>- दस्तुर<br>- दण्ड जरिवाना<br>- प्रकृतिक श्रोतबाट प्राप्त रोयल्टी<br>- पर्यटन शुल्क |

### ३.१.२ कानुनी व्यवस्था :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी व्यवस्था रहेको छ । यसमा कर अर्न्तगत प्रत्यक्ष करहरु र अप्रत्यक्ष करहरु रहेका छन् । यसैगरी गैरकर अर्न्तगत नगरपालिकाबाट विभिन्न सेवाहरु उपयोग गरे वापतको सेवा शुल्क उठाउन सक्ने व्यववस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ ।

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- हाटबजार व्यवस्थापन
- सवारी साधन कर
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर (नक्शापास दस्तुर समेत)
- व्यक्तिगत घटना दर्ता
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

**कर :**

- सम्पत्ति कर (साविको एकीकृत सम्पत्ति कर)
- भूमि कर (मालपोत)
- घर जग्गा बहाल कर
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा सबै किसिमका व्यवसायमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत

**शुल्क :**

- बहाल बिटौरी शुल्क : आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ्ग शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क :**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा,

- आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, बिद्युत, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहोर मैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर :**

- **दर्ता, अनुमति तथा नवीकरण दस्तुरः**
  - एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, विभिन्न व्यवसाय सञ्चालन, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्शा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर- दफा १२ (२) (ङ) अनुसारको सिफारिस तथा प्रमाणित बापत
- जग्गा नापजाँच तथा कित्ताकाट दस्तुर
- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार संघीय, प्रादेशिक तथा स्थानीय सरकार बिच बाँडफाँड हुने व्यवस्था अनुसारको राजश्व अधिकार :

**संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानीघट्ट, कुलोपैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- खानेपानी महसुल

- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रसोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था :

- यस नगरपालिकाले राजश्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस नगरपालिकाले हालसम्म निम्न बमोजिमका कार्यहरु अगाडि बढाएको छ :

- **राजश्व परामर्श समिति :**

नगर कार्यपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाको उपप्रमुखको संयोजकमा देहायका सदस्य रहने गरी राजश्व परामर्श समिति गठन गरेको छ :

**तालिका ८: राजश्व परामर्श समिति**

| क.सं. | नम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १. | श्री उमा गोतामे | नगर उपप्रमुख | संयोजक |
| २. | श्री दिवाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | श्री इश्वरबहादुर घिमिरे | वडा अध्यक्ष वडा नं.८ | सदस्य |
| ४. | श्री प्रविना थापा मगर | कार्यपालिका सदस्य | सदस्य |
| ५. | श्री कृष्णकुमार श्रेष्ठ | स्थानीय उ.वा.संघ प्रतिनिधि | सदस्य |
| ६. | श्री सुनिल पाण्डे | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

स्रोतः भानु नगरपालिका २०८०

राजश्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरी राजश्वका दररेटहरु तथा राजश्व सम्बन्धी नीतिगत निर्णयहरु गरी नगर सभा समक्ष पेश गरेको थियो । साथै विगत आ.व.मा समितिको बैठक २ पटक बसी विभिन्न निर्णयहरु गरेको देखियो ।

**आगामी आ.व.२०८१।०८२ को लागि स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा राजश्व परिचालनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु देहाय बमोजिम समावेश गर्नु पर्ने देखिन्छ :**

- नगरपालिकाको दीर्घकालीन रुपमा आयश्रोत ग्रामिण पर्यटन, कृषि र पर्यटन विकास निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायमा प्रस्ताव पेश गरिने कुरा उल्लेख गर्नु पर्ने ।

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्ने ।
- अर्थतन्त्रमा निजी क्षेत्रको लगानी र भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक सम्बृद्धि हासिल गर्ने ।
- नगरपालिका क्षेत्रभित्र व्यवसाय कर असुल गर्न कार्यविधि निर्माण गरी लागू गरिने ।
- कर दस्तुरको पूर्ण जानकारी र फारामहरु वेवसाइटमा राखिनेछ । कर हटलाइनको व्यवस्था गरिनेछ ।
- कार्यालयबाट सबै प्रकारका सेवाग्राहीले प्राप्त गर्ने सेवा सुविधालाई निर्देशिका मार्फत व्यवस्थित गरिनेछ भने सेवा प्राप्त गर्नका लागी कर चुक्ता प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्ने कानुनी व्यवस्थालाई कडाईका साथ अवलम्बन गरिनेछ ।
- यसै चालु आ.व.बाटै बहाल कर सञ्चालन कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ ।

**उल्लेखित नीतिहरुको कार्यान्वयनार्थ नगरपालिकाले राजश्व प्रशासनसँग सम्बन्धित देहाय बमोजिमको कार्यहरु गर्नु पर्ने देखिन्छ :**

- नगरपालिकाको संगठन संरचनामा राजश्व शाखा रहने गरी राजश्व शाखालाई आवश्यक कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरी सुदृढ गर्ने ।
- नगरपालिकाका सम्पूर्ण वडाहरुमा रहेका उद्योग, व्यवसाय र ससाना पसलहरु समेतको लगत सङ्कलन गरी सबै करदातालाई करको दायरामा ल्याई कारको दायरा फराकिलो बनाउनु पर्ने ।
- आवश्यक पर्ने नियम, उपनियम, कार्यविधि, निर्देशिका, विनियम निर्माण गरी कार्यपालिकाबाट पारित गराई लागू गर्ने ।
- नगरपालिका अन्तर्गतका ऐलानी, पर्ती जग्गाहरुको पहिचान गरी नगरपालिकाको अधिनमा रहने प्रबन्ध मिलाउन र सो पहिचान गरिएका ऐलानी, पर्ती जग्गाबाट आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ऐलानी, पर्ती जग्गा ओगटी बसोबास गरी बसेका व्यक्तिहरुले भोग गरेको जग्गाको एकिन गरी करको दायरा भित्र ल्याउने व्यवस्था गर्नु पर्ने ।
- यस न.पा. अन्तर्गतको प्राकृतिक सम्पदा वनजंगल, नदीनाला आदिको संरक्षण र विकास गर्ने प्रबन्ध मिलाई नगरपालिकाको अधिनमा रहने प्रबन्ध मिलाउनुका साथै त्यस्ता सम्पदाहरुबाट नगरपालिकाको आयआर्जन हुने व्यवस्था गर्न करको दायरा भित्र ल्याउनुपर्ने ।
- मठमन्दिरको नाउँमा रहेको गुठी जग्गाको एकिन गरी त्यसबाट प्राप्त हुने आयश्रोतको उचित प्रबन्ध गर्ने र चुहावट हुनबाट रोकी त्यस्ता क्षेत्रहरुको पर्यटन प्रवर्द्धनको व्यवस्था गर्नु पर्ने ।
- नगरपालिका भित्र रहेका ससाना उद्योगहरुलाई व्यवस्थित गरी करको दायरामा ल्याई दिगो करको स्रोत बनाउनु पर्ने देखिन्छ ।
- राजश्व वृद्धिका लागी विभिन्न क्षेत्रका सरोकारवालाहरुसँग र समन्वयको प्रबन्ध मिलाउनुपर्ने ।

- स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य र समन्वय गरी राजश्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- उद्योग वाणिज्य संघ र उद्योगी, व्यवसायीहरुसँग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसँग छलफल एवं सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागू गर्नु पर्ने ।
- करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी कर चुहावटलाई न्यूनीकरण गर्नु पर्ने ।
- राजश्व तथा कर दस्तुर असुल गर्नको लागी वडाहरुमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा सञ्चालन गर्नु पर्ने ।
- कर, राजश्व तथा आन्तरिक आयको सम्भावनाका विषयमा जनप्रतिनिधि र सम्बन्धित कर्मचारीहरुलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- नयाँ नयाँ करका क्षेत्रहरु पहिचान गरी कानुनी व्यवस्था मिलाई करको दायरा फराकिलो बनाउने ।

**३.२.१ नगरपालिकाको आय समीक्षा :**

**(क) सञ्चित कोष :**

नगरपालिकामा एक सञ्चित कोष रहने छ । नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाले लिएको रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने छन् । कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र लिन पाइदैन । नगरपालिकाले अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाउनु पर्दछ । सञ्चित कोषका श्रोतहरुका विषयमा यसरी स्पष्ट हुन सकिन्छ ।




**चित्र नं १**

प्रस्तुत चित्रबाट स्थानीय तहमा रहने नगरपालिकाको विभिन्न शिर्षकका रकमलाई कोषको रुपमा स्विकार गरि माथी चित्रमा उललेख भएका १५ किसिमका कोषहरुबाट प्राप्त भएको बजेटलाई नगरपालिकाको संञ्चित कोषमा जम्मा गरि उक्त कोष मार्फत नै खर्च गर्न सकिने व्यवस्था छ । जसमा कर तथा गैह्रकरको समेत महत्तपूर्ण भूमिका रहेको छ ।

### ३.२.२ नगरपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण :

यस नगरपालिकाको आ.व.२०७९/०८० असार महिनासम्मको यथार्थ आन्तरिक आय निम्नानुसार रहेको राजश्व शाखाका कर्मचारीबाट प्राप्त सूचनाका आधारमा उल्लेख गरिएको छ ।

**तालिका ९: नगरपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण**

| क.सं. | राजश्व संकेत | आय शीर्षकहरु | आय | |
|---|---|---|---|---|
| | | | चालु आ.व. आ.व.०८०/०८१को प्रस्तावित/अनुमान | आ.व.०७९/०८० को यथार्थ |
| १ | ११३१४ | सम्पत्ति कर | ५०४७१८३.३५ | ४५८८३४८.५० |
| २ | ११३२१ | घर बहाल कर | १७६४४७०.७९ | १६०४०६४.३६ |
| ३ | ११३२२ | अन्य कर | २१२५०००.० | १६३२८४१५.८५ |
| ४ | ११४५१ | व्यवसाय कर | ४६६८७१.९० | ४२४४२९.०० |
| ५ | ११४५२ | भूमि तथा मालपोत कर | १४४०२६२२.३० | ५०३७५०.० |
| ६ | ११४७१ | सवारी साधन कर साना सवारी | ० | ० |
| ७ | ११४७३ | अन्य दस्तुर | १७३७४५.० | १५७९५०.० |
| ८ | ११६१३ | घर नक्शा पास दस्तुर | ३००५७१.० | २७३२४७.० |
| ९ | ११६३२ | नाता प्रमाणित दस्तुर | ४७०७५१.६० | ४२७९५६.०० |
| १० | १४२४३ | प्रशासनिक दण्ड तथा जरिवाना | १८३७००.०० | १६७०००.०० |
| ११ | १४३१२ | अन्य राजश्व | ० | ८९८२५०.०० |
| १२ | १४५२९ | विभिन्न किसिमको राजश्व | ० | .० |
| १३ | १५५३५ | अन्य दस्तुर | ६८४२४३६.० | .० |
| १४ | १५५३६ | बाँडफाँडबाट प्राप्त विज्ञापन कर | ० | ० |
| १५ | १५५३७ | सिफारिस दस्तुर | ५५४१२५.० | ६२२०३९७.०० |
| १६ | १५५३८ | व्यक्तिगत घटना दर्ता दस्तुर | २९३८१०.० | २६७१००.०० |
| १७ | १५५३९ | प्रकृतिक स्रोत साधन बिक्री कर | १६४०५००.०० | १६४०५००.० |
| १८ | १५५४० | अन्य सेवा शुल्कबाट | ९८८०७५.० | ० |
| | | **जम्मा** | **३,५२,५३,८६३.३४** | **३,३५,०१,४०७.७१** |

*तथ्याङ्क स्रोत: राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०*

अध्ययनको कममा नगरपालिकाको राजश्व शाखाबाट आन्तरिक आयको यर्थाथ विवरण अध्ययन गर्दा आर्थिक वर्ष २०७९/०८० को नगर सभाबाट गरिएको अनुमान भन्दा आर्थिक वर्षको अन्तमा प्राप्त कुल यर्थाथ आय रु.३ करोड ३५ लाख १ हजार ४ सय ७ पैसा ७१ प्राप्त भएको छ भने यसैगरि चालु आर्थिक वर्ष २०८०।०८१ का लागि गरिएको आन्तरिक आयको अनुमान रु.३ करोड गरिएकोमा २०८० पौष महिनासम्मको यर्थाथ आयलाई आधारमानी २०८१ असार महिना सम्म रु.३ करोड ५२ लाख ५३ हजार ८ सय ६३ पैसा ३४ हुने अनुमान गरिएको छ। आर्थिक वर्षको ६ महिनाको अनुमान गर्दा करिब १७ प्रतिशत मात्र प्रगति भएको एवं आय सङ्कलन हुन गएको पाइयो । यस विवरण अनुसार अध्ययन गर्दा नगरपालिकाको आन्तरिक आयको सम्भाव्यता अध्ययन नै नगरी साधारण अनुमानका आधारमा

आयका प्रक्षेपण गर्दा अनुमानको ज्यादै न्यून आय मात्र सङ्कलन हुन गएको देखिन्छ भने अर्कोतर्फ राजश्व शाखालाई नगरपालिकाले प्राथमिकतामा नराखेको देखियो । साथै बजेटमा व्यवस्था गरे बमोजिम कर्मचारीहरुबाट कार्यान्वय हुन नसकेको यर्थाथ विवरणबाट देखिन्छ ।

## ३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण :

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई प्रदान गरिएको राजश्व अधिकारको प्रयोगको अवस्थालाई देहाय बमोजिम विश्लेषण गर्न सकिन्छ :

### ३.३.१ स्थानीय कर राजश्व :

नगरपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक स्रोततर्फ सङ्कलन गर्ने राजश्व मध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरुको सम्भावनाको विश्लेषणात्मक अध्ययन देहायका शीर्षक अन्तर्गत गरिएको छ :

**(क) मालपोत तथा भूमिकर :**

हालका दिनहरुमा यस नगरपालिकाले भूमी तथा मालपोत करको रुपमा नगरपालिका क्षेत्रभित्रका जग्गाको कर सङ्कलन गर्दै आएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन भएपछि मालपोत एवं भूमिकरलाई सम्पत्ति करसँगै जोडेर मालपोत तथा भूमिकर यस नगरपालिकाको सम्पत्ति कर जस्तै आन्तरिक आयको स्रोत हो ।

आगामी आर्थिक वर्षदेखि सम्पत्तिकर र मालपोत एवं भूमिकरको स्थलगत रुपमा छलफल तथा अर्न्तक्रिया सञ्चालन गरी करदाताले कर र्तिन सक्ने र कर तिर्न स्वीकार गर्ने गरी नगरपालिकाले यस सम्बन्धी प्रारम्भिक कार्यहरु अगाडि बढाउनेछ यसले गर्दा सम्पत्ति कर र मालपोत वा भूमिकर दुवै असुल हुनेछ ।

आगामी आर्थिक आ.व.देखि सम्पत्ति करको रुपमा सङ्कलन गर्न बाँकी कर अवदेखि सम्पत्ति कर र मालपोत/भूमिकरको रुपमा दुवै शीर्षकबाट कर असुल गरिनेछ । मालपोत करको वक्यौता मात्र यस शीर्षकमा असुल हुने र सो असुली पनि क्रमशः घट्दै जाने अनुमान गर्न सकिन्छ । अघिल्लो आ.व.हरुमा संकलित तथा २०७८/०७९ को अनुमानित रकमका आधारमा विश्लेषण गरी विगतको आ.व.मा बाँकी पूरानो मालपोत बापतको बक्यौता रकम सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**(ख) सम्पत्ति कर :**

हालसम्म नगरपालिकाले सम्पत्ति कर लागू गरी नगर क्षेत्रभित्र रहेको भवन र भवनहरुले ओगटेको निश्चित जग्गाको मात्र सम्पत्ति कर असुल गर्ने गरिएको छ । यो करको दर बढीमा ५ वर्ष र कम्तिमा ३ वर्षभित्र संशोधन गरी स्थलगत अध्ययनसँगै करदाताको राय बमोजिम करको दर निर्धारण गर्नु पर्ने हुन्छ यसरी विनियमावली निर्माण गरी सम्पत्ति करको दर निर्धारण गर्दा बढी कर प्राप्त हुन सक्छ ।

यस नगरपालिकामा करिब ८५०० घरधुरी रहेकोमा सम्पत्ति करका करदाताको संख्याका केही बृद्धि हुन सक्ने अनुमान रहेको छ । अनुमानित करदाताको संख्या तथा सम्पत्ति करको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहाय बमोजिम देखिन्छ :

**तालिका १०: सम्पत्ति एव मालपोत/भूमि कर सम्भावनाको गणना आ.व.२०८१।०८२ का लागि**

| क्र. सं. | सम्पत्तिको औसत मूल्याङ्कन | अनुमानित करदाता संख्या | औसत करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|
| १ | १ करोड १ देखि माथि | ७० | १०,०००.० | ७,००,०००.०० |
| २ | ५० लाख १ देखि १ करोडसम्म | ५०० | ५,०००.०० | २५,००,०००.०० |
| ३ | २५ लाख १ देखि ५० लाखसम्म | १५०० | १,०००.०० | १५,००,०००.०० |
| ४ | १० लाख १ देखि २५ लाखसम्म | २७०० | ५००.०० | १३,५०,०००.०० |
| ५ | १० लाखसम्म | ४७३० | १००.०० | ४,७३,०००.०० |
| | **जम्मा** | **९५००** | | **७२,२३,०००.००** |

*तथ्याङ्क स्रोत: राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०*

नगरपालिकाको चालु आर्थिक वर्षका लागि सम्पत्तिकर तथा भूमिकरको दर न्यूनतम रु.२५। देखि बढीमा रु.६०,०००। र त्यसपछिको प्रतिहजार मूल्याङ्कनमा रु.२। थप लिने आर्थिक ऐनमा व्यवस्था रहेको छ भने आगामी आ.व.मा सम्पत्ति कर तथा मालपोत/भूमि करको कुल सम्भावना करिब रु.७२ लाख २३ हजार भए तापनि यस क्षेत्रका स्थायी वासिन्दाको संख्या तथा कार्यशालाको छलफलबाट प्राप्त निष्कर्ष अनुसार करिब ६६५० (अर्थात् ७० प्रतिशत) करदाताहरु तत्कालै यो करको दायरामा आउन सक्ने अनुमान गरिएको छ भने बिगतको वक्यौता समेत असुल हुन सक्छ जसका कारण योभन्दा बढी रकम सङ्कलन हुन सक्ने सम्भावना रहेको छ ।

**(ग) घर जग्गा बहाल कर :**

यस नगरपालिका भित्रका कुनैपनि घर, टहरा, पसल, ग्यारेज, उद्योग, जग्गा, पोखरी आदि बहालमा लगाइएको अवस्थामा लिइने कर घरबहाल कर हो । यो कर स्थानीय तहको एकल अधिकार भित्र पर्ने कर भएकाले नगरपालिकाले संस्थागत तथा व्यक्तिगत रुपमा बहालमा दिने र बस्नेहरुको करको दर घटिबढी गरी असुल भएमा करिब रु.२५ लाख देखि ३० लाखसम्म सङ्कलन हुन सक्ने सम्भावना रहेको छ ।

**यस नगरपालिकामा यो करको निम्नानुसार सम्भावना गणना गरिएको छ :**

**करदाता संख्या तथा मासिक भाडा रकम :**

कार्यशाला सञ्चालनका दौरानमा गरिएको छलफलमा प्राप्त बहालमा भएका घरको संख्या तथा चलन चल्तीमा रहेको भाडा रकमको औसत बजार मुल्यलाई आधार मानिएको छ ।

**बहाल करको दर :**

स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र परेको र यो कर सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहमा नै रहेकोले नगरपालिकाले बहाल रकमको ५ देखि १० प्रतिशतको दर कायम गर्ने निर्णय भएको छ । यसै दरलाई कायम गरि सम्भावीत गणना गर्दा देहाए बमोजीमको कर असूल हुनसक्ने देखिन्छ ।

**तालिका ११: घर बहाल कर सम्भावनाको गणना वार्षिक रुपमा**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | (ङ) |
| | | (क) | अनुमानित | क X ख | ग X१२ | घ को ५ र १० प्रतिशत |
| १ | संस्थागत | ७५ | १५००० | ११,२५,००० | १,३५,००,००० | १३,५०,०००.० |
| २ | अन्य | २०० | ७५०० | १५,००,००० | १,८०,००,००० | ९,००,०००.० |
| | **जम्मा** | **३००** | | | | **२२,५०,०००.०** |

*तथ्याङ्क स्रोतः राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०*

**सुधारका लागि गर्नु पर्ने कार्यहरु :**

- स्थलगत सर्भे गरी भाडामा रहेका संरचनाको विवरण सङ्कलन गरी लगत तयार गर्ने
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नु पर्ने
- घर बहाल कर असुलीका लागि स्थानीय उद्योग वाणिज्य संघसँग समन्वय गर्ने

**(घ) वित्तीय र पूँजीगत कारोवारमा लाग्ने कर (व्यवसाय कर) :**

चालु आर्थिक वर्षको लागि आर्थिक नगरपालिकाकाले ऐनमा करको दर कम्तिमा रु.५००। र बढीमा रु.५०००। वार्षिक रुपमा असुल गर्ने गरी व्यवस्था गरेको छ । यस नगरपालिकाले विभिन्न व्यवसायहरुको वर्गीकरणका आधारमा करका दरहरु निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । उद्योग दर्ता वा नवीकरणका लागि सिफारिस लिन आउनेसँग मात्र यो कर लिने प्रचलन रहेको देखिन्छ । नगरपालिकामा व्यवसाय सम्बन्धी यर्थाथ तथ्याङ्क नभए तापनि यस अध्ययनका लागि सम्बन्धित पक्षहरु छलफल तथा तथ्याङ्क सङ्कलन गर्दा ठूला साना गरी करिब ५५० वटा व्यवसायहरु

रहेका र ति व्यवसायबाट हालको दरमा १० प्रतिशत मात्र वृद्धि गरेमा देहाय बमोजिमको व्यवसाय करको कुल सम्भावना देखिन्छ :

**तालिका १२: व्यवसाय कर सम्भावनाको गणना**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | दर्ता | औसत करको दर | सम्भावित आय |
|---|---|---|---|---|---|
| १ | ठूला होटलहरु तथा रिसर्टहरु | ३ | | ५,००० | १५,००० |
| २ | ठूला लगानीका उद्योगहरु | ० | | १०,००० | ० |
| ३ | मध्यम लगानीका उद्योगहरु | ० | | १५,००० | ० |
| ४ | साना लगानीका उद्योगहरु | २० | | ५,००० | १,००,००० |
| ५ | बैंक, बिमा कम्पनी, रेमिट्यान्स | ३ | | ५,००० | १५,००० |
| ६ | सहकारी संस्थाहरु | १० | | १,००० | १०,००० |
| ७ | निजी विद्यालय | ५ | | ३,००० | १५,००० |
| ८ | ट्युसन, तालिम सेन्टर | ० | | ७,००० | ० |
| ९ | दुग्ध व्यवसायी | ० | | १,००० | ० |
| १० | औषधी व्यवासायी तथा क्लिनिक | १० | | ५,००० | ५०,००० |
| ११ | ईट्टा उद्योगहरु | ० | | १०,००० | ० |
| १२ | साना होटल, लज तथा रेष्टुरेन्ट | ५० | | ३,००० | १५,००० |
| १३ | किराना पसल | १२० | | २,००० | २,४०,००० |
| १४ | कपडा, फेन्सी पसल | २५ | | ३,००० | ७५,००० |
| १५ | अन्य थोक तथा ठूला व्यवसायहरु | १ | | १०,००० | १०,००० |
| १६ | अन्य बाँकी व्यवसायहरु | २० | | २,००० | ४०,००० |
| **जम्मा** | | **२३२** | | | **७,८५,०००** |

तथ्याङ्क स्रोत: राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०

भानु नगरपालिकाको मुख्य बजार क्षेत्रको रुपमा विकास भइनसकेको अवस्थामा व्यवसाय कर बढी उठने तथा वार्षिक रुपमा वृद्धि हुँदै जाने अवस्था देखिंदैन तसर्थ उल्लेखित तथ्याङ्कका आधारमा हेर्दा २३२ किसिमका विभिन्न व्यवसायबाट रु.७ लाख ८५ हजार रुपैयाँ व्यवसाय कर सङ्कलन हुन सक्ने सम्भावना देखिएको छ । तर यसै आ.व.मा नै सबै व्यवसायलाई करको दायरमा ल्याउनका लागि नगरपालिकासँग कर सङ्कलन निति तयार गर्नु पर्ने देखिन्छ । साथै सबै व्यवसाय दायरामा आउन नसकिने कुरालाई मध्यनजर गर्दै ७० प्रतिशत व्यवसायबाट करिब रु.५ लाख ५० हजार आगामी आ.व.मा सङ्कलन हुने अनुमान गरिएको छ ।

**<u>सुधारका लागि गर्नु पर्ने कार्यहरुः</u>**

- व्यवसाय कर सम्वन्धी आवस्यक सूचना सहितको व्यवसायहरुको यथार्थ विवरण सङ्कलन तथा अद्यावधिक गर्ने ।

- व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागू गर्ने ।
- कर सङ्कलनका लागि घरदैलो कार्यक्रमका लागि अभियान सञ्चालन गर्ने ।
- करको दरभन्दा दायरा फराकिलो बनाई कर शिक्षा वडा वडामा दिनु पर्ने ।
- स्थानीय उद्योग वाणिज्य संघसँग समन्वय एवं सहकार्य गरी करको दायरा बढाउने र कर तिर्ने वातावरण सृजना गर्ने ।

**(ङ) विज्ञापन कर :**

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । तर संघीय कानुन अनुसार यो कर प्रदेश सरकारको निर्णय अनुसार स्थानीय तहले दर निर्धारण र सङ्कलन गर्ने तथा प्रदेश कानुन अनुसार सोको बाँडफाँड हुने प्रावधान रहेको छ । स्थानीय तहले दर निर्धारण तथा सङ्कलन गर्ने हुँदा यस करको सम्भावना विश्लेषण गरिएको छ ।

भानु बजार, तुरतुरे बजार लगायत सडक आसपास विज्ञापनका लागि होर्डिङ बोर्ड राखिएको छ र नगरपालिकाले वार्षिक रु.५० हजारदेखि ७० हजारका दरले विज्ञापन कर असुलीको लागि सम्झौता गरी ठेक्कामा लगाउन सक्ने सम्भावना रहेको अवस्था छ । सो रकममा वार्षिक २० प्रतिशतका दरले वृद्धि हुने गरी सम्झौता गर्न सकिने सम्भावना छ, जुन कार्यलाई आगामी ३ वर्षसम्मका लागि ठेक्का लगाउन सकिन्छ ।

### ३.३.२ गैर कर राजश्व :

**(क) दस्तुर एवं शुल्क :**

यस नगरपालिकामा यसै चालु आ.व.मा पनि घर नक्शा दस्तुरबाट अन्य करको तुलनामा बढीनै आय प्राप्त भएकाले अझ यसलाई व्यवस्थित बनाउने हो भने र अन्य शुल्कबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम यो दस्तुर र शुल्कबाट रु.वार्षिक रु.३० लाखभन्दा बढी सङ्कलन हुने सम्भावना देखिएको छ, सम्भावनाहरुको खोजी गर्नु पर्ने जरुरी देखिन्छ ।

**(ख) अन्य राजश्व :**

**व्यवसाय रजिष्ट्रेशन दस्तुर :**

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले एफ.एम.रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरुको दर्ता, नवीकरण गरी सोको दस्तुर सङ्कलन गर्न सक्नेछ ।

**दर्ता तथा नवीकरण दस्तुरको दर :**

- स्थानीय तहहरुको गठनसँगै नगरपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघ संस्थाहरु एक पटक नगरपालिकामा दर्ता भइसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन ।

- नगर सभाले यस करको दर निर्णय नगरेकाले अध्ययनका क्रममा प्राप्त छलफल तथा सुझावका आधारमा औसत दर यहाँ प्रस्ताव गरिएको छ । व्यवसाय तथा संघसंस्थाहरु दर्ता भइसकेपछि वार्षिक रुपमा नवीकरणको लागि दस्तुर लिने र व्यवसाय कर असुल भएपछि स्वतः नवीकरण गर्ने र नयाँ दर्ता हुन आउने व्यवसायहरुलाई मात्र यो वार्षिक दस्तुर तिर्नु पर्ने हुन्छ ।

प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहाय बमोजिम रहेकोछ :

**तालिका १३: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क्र.सं. | विवरण | प्रस्तावित दर | | अनुमानित संख्या | सम्भाव्य दर्ता आय (रु.) |
|---|---|---|---|---|---|
| | | दर्ता | नवीकरण | | |
| १ | ठूला लगानीका व्यवसायहरु | १०,००० | व्यवसाय कर | १ | १०,००० |
| २ | मध्यम लगानीका व्यवसायहरु | ५,००० | व्यवसाय कर | २ | १०,००० |
| ३ | साना लगानीका व्यवसायहरु | २,००० | व्यवसाय कर | २० | ४०,००० |
| **जम्मा** | | | | **३५** | **६०,०००** |

तथ्याङ्क स्रोतः  राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०

**(ग) अन्य सेवा शुल्क :**

नगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरुलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क सङ्कलन गर्ने सक्ने प्रावधान अनुरुप नगर सभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरु सङ्कलन गरिरहेको छ । यस अन्तर्गत अगामी आ.व.मा प्राप्त हुने रकम विगत आ.व.को औसत बृद्धि, नगरपालिकाको जनसंख्या तथा घरधुरीका आधारमा अनुमान गरिएको छ ।

**(घ) विभिन्न दस्तुरहरु :**

यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरु गरेवापत लिइने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । नगरपालिकाले सिफारिस दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शीर्षकहरुमा रकम समेत सङ्कलन गरिरहेको छ ।

**नक्शा पास दस्तुर, प्राकृतिक स्रोत साधन कर तथा विभिन्न सिफारिस लगायतका दस्तुर तर्फको आय गणना :**

चालु आर्थिक बर्षका लागि नगरपालिकाको आर्थिक ऐनमा घर नक्शा पास दस्तुर (क), (ख) र (ग) वर्गका लागि बढीमा क्रमशः रु.१४, रु.१३ र रु.१२ प्रति वर्गफिट कायम गरेको छ भने कम्तिमा क्रमशः रु.७।, रु.६। र रु.५। कायम गरेको छ । यसैगरि नगरपालिका क्षेत्रमा घर नक्शालाई यस आ.व.मा अझ बढी नियमन गर्ने व्यवस्था गरिएको छ तसर्थ यसलाई गैह्र कर राजश्व एवं आन्तरिक आयमा समावेश

गरिएको छ । घर नक्शा पासलाई अझबढी वडाहरुमा समेत कार्यान्वयमा आएमा आगामी आर्थिक वर्षहरुमा देहायको दस्तुर सङ्कलन हुने सम्भावना रहेको छ ।

**(क) तालिका १४ : नक्शा पास तथा अन्य दस्तुरको सम्भावनाको गणना**

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्शा) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | घर नक्शा पास दस्तुर | १०० | ५,००० | ५,००,००० |
| २ | विविध दस्तुर | १,९५० | ७५० | १४,६२,५०० |
| **जम्मा** | | | | **१९,६२,५००** |

तथ्याङ्क स्रोतः  राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहले नागरिकहरुलाई विभिन्न किसिमका सेवा सुविधा उपलब्ध गराए वापत निजहरुले स्थानिय तहलाई तिर्नु बुझाउनु पर्ने विभिन्न सेवा शुल्क र दस्तुर वापतको गैह्र कर राजश्वलाई चालु आर्थिक वर्षको आर्थिक ऐनमा सिफारिस शुल्क र धितो मूल्याङ्कन लगायतका सिफारिसमा रु.२००। देखि रु.७००। सम्म शुल्क एवं दस्तुर कायम गरेको छ यसैलाई आधारमा वार्षिक बढीमा १० प्रतिशत मात्र वृद्धि गर्दा देहाय बमोजिम गैह्र कर राजश्व प्राप्त हुने अनुमान गरिएको छ

**(ख) तालिका १५ : सिफारिस लगायतका विविध शुल्क एवं दस्तुरको सम्भावनाको गणना**

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्शा) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | विभिन्न सिफारिस शुल्क | ८,५०० | ५५० | ४६,७५,००० |
| २ | अन्य शुल्क | १,५५० | ७०० | १०,८५,००० |
| ३ | विभिन्न सिफारिस दस्तुर | ७,५०० | ७७५ | ५८,१२,५०० |
| **जम्मा** | | | | **१,१५,७२,५००** |

तथ्याङ्क स्रोतः  राजश्व सुधार कार्यशाला गोष्ठी, भानु नगरपालिका २०८०

**(ङ) अन्य विविध आय :**

नगरपालिकाले विभिन्न किसिमका फारामहरु बिक्री गर्ने गरी समावेश गर्न सकिन्छ । साथै प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, घ वर्गको निर्माण इजाजतपत्र दस्तुर लगायत अन्य विविध आयहरु रहेका छन् ।

- राजश्व प्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तयार नहुनु ।
- भानु बजारमा रहेका व्यवसायहरुको तथ्याङ्क सङ्कलन हुनु पर्ने  ।
- सबै वडामा रहेका सबै किसिमका व्यवसायको लगत सङ्कलन गर्नु पर्ने ।

- संगठन संरचनामा प्रभावकारी रुपमा राजश्व शाखा र प्रयाप्त दक्ष कर्मचारीहरुको व्यवस्था हुन नसक्नु ।
- राजश्व प्रशासनका लागि आवश्यक कर्मचारी, तालिम तथा कार्य सम्पादन मूल्याङ्कन नहुनु ।
- राजश्व सम्बन्धी बक्यौताको अभिलेख नहुनु ।
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरुको दायरा विस्तारमा विशेष पहल नगर्नु ।
- आन्तरिक राजश्वका सम्भावनाहरुको खोजी नभई अन्दाजको भरमा आय अनुमान गर्नु ।
- स्थानीय तहलाई कानुन बमोजिम राजश्व अधिकारको परिचालन नगर्नु ।

# परिच्छेद चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति :

नगर सभाले गरेका राजश्व सम्बन्धी निर्णय तथा नीतिहरु :

राजश्व परामर्श समितिले गरेका राजश्वका दररेट तथा अन्य नीतिगत निर्णयहरुलाई अनुमोदन गर्दै राजश्व सङ्कलन तथा सोका दररेटहरु चालु आ.व.२०८०।०८१ को मिति २०८० असार १० गतेको नगर सभाले आर्थिक ऐन, २०८० का विभिन्न अनुसूची मार्फत कर, शुल्क र दस्तुरको दररेट स्वीकृत गर्ने निर्णय गरेको देखियो ।

**आ.व.२०८०।०८१ को लागि स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा राजश्व परिचालनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् :**

- भानु नगरपालिका भित्र रहेका विभिन्न उद्योगी, व्यापारीहरुलाई कर कार्यालय तथा उद्योग वाणिज्य क्षेत्रका छाता संगठनहरुसँगको सहकार्यमा व्यवसाय दर्ता लगायत कर तिर्ने बानी प्रति अभिप्रेरित गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको देखिन्छ ।
- नगरपालिका र वडा कार्यालयहरुमा नियमित आन्तरिक अनुगमन, सुपरिवेक्षण र लेखा परीक्षण गरी कर चुहावट नियन्त्रण गरिनेछ ।
- पर्यावरण र वातावरणीय सन्तुलन कायम गर्दै वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा ठेक्का प्रणाली मार्फत नदी र खोलाका घाटहरुबाट राजश्व सङ्कलन गरिनेछ ।
- नगरबाट लगाइने कर, दस्तुर, शुल्क, दण्ड जरिवाना आदिको सङ्कलन कार्यलाई सरल तथा सहुलियतपूर्ण बनाइनेछ ।
- महिला उद्यमीले सञ्चालन गरेको व्यवसायमा लाग्ने करमा २५ प्रतिशत छुट दिइने व्यवस्था मिलाइनेछ ।
- कर सम्भाव्यताको अध्ययन गरी करको दायरा बढाई कर प्रणालीमा नागरिकको सहभागिता वृद्धि गरिनेछ र राजश्व अभिवृद्धिबाट कुल बजेटमा आन्तरिक आम्दानीको अङ्क वृद्धि गर्दै लगिनेछ ।
- राजश्व सुधार वर्षका रुपमा अभियान सञ्चालन गरी "**मैले तिरेको कर मेरो विकासको लागि**" भन्ने अवधारणलाई विकास गर्दै नगरवासीहरुमा करको अपनत्व बोध गराउनको लागि उद्योग व्यवसायीहरुसँगको समन्वयमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्थानीय तहमा सङ्कलन भई बाँडफाँड हुने :**

- **विज्ञापन कर:** स्थानीय तहले दर निर्धारण र सङ्कलन गर्ने
- **मनोरञ्जन कर:** स्थानीय तहले सङ्कलन गर्ने (दर र सङ्कलन विधि प्रदेशले निर्धारण गर्ने)
- **घर जग्गा रजिष्ट्रेशन शुल्क** : स्थानीय तहले सङ्कलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने)
- उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र सङ्कलन स्थानीय तहले गर्ने

- ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गर्ने ।

**प्रदेश तहबाट सङ्कलन भई बाँडफाँड हुने :**

- सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा सङ्कलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने
- पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र सङ्कलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने

  (पवर्तारोहण, राष्टिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र सङ्कलन नेपाल सरकारले गरे बमोजिम हुने)

**कानुनी तथा नीतिगत व्यवस्था :**

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजश्व अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरु समयमै तयार गरी नगर सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता :

नगरपालिकामा एक छुट्टै राजश्व शाखाको व्यवस्था गरी ना.सु.स्तरको कर्मचारीलाई शाखाको जिम्मेवारी प्रदान गरिएको छ । आवश्यक परेका अन्य कर्मचारीहरुलाई समेत राजश्वको काममा लगाउने गरेको देखियो । वडा तहबाट सबै राजश्व बुझ्ने बुझाउने गरेको र केही घरनक्शा,प्रकृतिक स्रोत साधन जस्ता राजश्व मात्र नगरपालिका मुल कार्यालयको राजश्व शाखाबाट लिने गरेको छ । शाखामा कम्प्यूटर लगायतका भौतिक स्रोत साधन आवश्यकता बमोजिम खरिद गरी प्रयोगमा आएका छन् ।
यस नगरपालिकाले राजश्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस नगरपालिकाले हालसम्म निम्न बमोजिमका कार्यहरु अगाडि बढाएको छ । नगर कार्यपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाको उपप्रमुखको संयोजकमा देहायका सदस्य रहने गरी राजश्व परामर्श समिति गठन गरेको छ ।

राजश्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरी राजश्वका दररेटहरु तथा राजश्व सम्बन्धी नीतिगत निर्णयहरु गरी नगर सभा समक्ष पेश गरेको थियो । साथै विगत आ.व.मा समितिको बैठक २ पटक बसी विभिन्न निर्णयहरु गरेको देखियो ।

***नगर सभाले गरेका राजश्व सम्बन्धी निर्णय तथा नीतिहरु :***

राजश्वपरामर्श समितिले गरेका राजश्वका दररेट तथा अन्य नीतिगत निर्णयहरुलाई अनुमोदन गर्दै राजश्व सङ्कलन तथा सोको दररेटहरु चालु आ.व.२०८०।०८१ को मिति २०८० असार १० गतेको

नगर सभाले आर्थिक ऐन, २०८० का विभिन्न अनुसूची मार्फत कर, शुल्क र दस्तुरको दररेट स्वीकृत गर्ने निर्णय गरेको देखियो ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन :

### ४.३.१ नगरपालिकाको आय समीक्षा :

यस नगरपालिकाले विगतका आर्थिक वर्षहरुमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट सङ्कलित आय, आयको संरचना तथा आयको औसत बृद्धिदर आदिको समीक्षा तथा विश्लेषण यस भागमा गरिएको छ ।

हालको कानुनी प्रावधान अनुसार नगरपालिकालाई प्राप्त राजश्व अधिकारका शीर्षकहरुको परिचालन कसरी गरिएको छ भन्ने आन्तरिक राजश्व सम्बन्धी अध्ययनबाट देखिएका करका तथा राजश्व शीर्षकहरु मध्ये कतिवटामा असुली गरिरहेको, कतिवटामा सङ्कलनको निर्णय मात्र गरेको र कतिवटामा सम्भावना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ । देहायका उल्लेखित तालिकाले नगरपालिकाको आय परिचालनको अवस्था देखाउँदछ ।

**तालिका १६ : आय परिचालनको वर्तमान अवस्था (चालु आ.व.को यथार्थ आम्दानी तथा छलफलको आधारमा)**

| क. सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | नगरपालिकाले विगतका आ.व.देखि सम्पत्ति कर र मालपोत तथा भूमिकर लागू गरेको छ । | सङ्कलन भएको | दर निर्धारण वैज्ञानिक ढङ्गबाट भएको छैन |
| | घरजग्गा कर | | | |
| | सम्पत्ति कर | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण वैज्ञानिक ढङ्गबाट भएको छैन |
| | सवारी कर | सम्भावना नभएको | सङ्कलन नभएको | प्रदेश सरकार |
| | घर जग्गा बहाल कर | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | व्यवसाय र विज्ञापन कर | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| **ख.** | **अन्य राजश्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा आदि | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |

| क. सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
| --- | --- | --- | --- | --- |
| | प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री शुल्क | | | |
| | नक्शा पास दस्तुर | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | व्यक्तिगत घटना दर्ता शुल्क | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | बहाल बिटौरी शुल्क | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | पार्किङ्ग शुल्क | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | फोहोर मैला व्यवस्थापन शुल्क | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | कम सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | सम्भावना नभएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | सम्भावना भएको | सङ्कलन भएको | सबैको दर निर्धारण भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग कर | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |

| क. सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरी ढुङ्गा, स्लेट जस्ता प्राकृतिक स्रोत साधनको (कवाडी) वातावरण तथा निकासी शुल्क | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | मनोरञ्जन तथा सञ्चार क्षेत्र अर्न्तगतका विद्युतीय माध्यमहरुको सेवा शुल्क | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |
| | दण्ड जरिवाना | सम्भावना भएको | सङ्कलन भएको | दर निर्धारण भएको |
| | विज्ञापन कर | सम्भावना भएको | सङ्कलन नभएको | दर निर्धारण नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई प्रदान गरेको राजश्व अधिकारका क्षेत्रहरु मध्ये केही शीर्षकहरुमा यस नगरपालिकाले राजश्व सङ्कलन नगरिरहेको देखिन्छ ।

- पार्किङ्ग सेवा
- कवाडी तथा निकासी कर (संविधान २०७२ सँग बाझिएको)
- बहाल बिटौरी कर
- मनोरञ्जन कर
- विज्ञापन कर

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरु :

नगरपालिकालाई उपलब्ध वित्तीय अधिकार अनुकुल राजश्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । राजश्व परिचालनमा भानु नगरपालिकाले सम्बोधन गर्नु पर्ने संस्थागत सवालहरु देहाय बमोजिम रहेका छन् :

### ४.४.१ कानुनी तथा नीतिगत व्यवस्था :

नेपालको संविधान तथा संघीय कानुनले प्रदान गरेका राजश्व अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरु मध्ये केही ऐनहरु तयारभई लागु भएता पनि अझ राजश्व परिचालनलाई व्यवस्थित बनाउनका लागि आवश्यक कानुनहरु समयमै तयार गरि नगरसभाबाट पारित गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ उपयुक्त संगठन निर्माण :

उपयुक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटकृत राजश्व अभिलेख तथा सूचना प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ तथा प्रभावकारी राजश्व शाखाको व्यवस्था गर्नु पर्ने देखिन्छ । त्यसैगरि वडा कार्यालयहरुको समेत क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरु मार्फत नै राजश्व सङ्कलनको प्रभावकारी प्रणाली व्यवस्था गर्नु पर्ने आवश्यकता देखिन्छ । जसका लागि वडा सचिव लगायत वडाका कर्मचारीहरुलाई समेत कर एव राजश्व परिचालन सम्बन्धी प्रशिक्षण समय समयमा प्रदान गरी राजश्व असुलीमा सहजता कायम गर्नु पर्ने देखिन्छ ।

### ४.४.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरुको प्राथमिकीकरण :

कर तथा राजश्व सम्बन्धी यसको दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख नगरपालिकामा छैन । नगरपालिकाले सङ्कलन गर्न सक्ने विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरुको विवरण आवधिक रुपमा अद्यावधिक गरी राजश्वका विभिन्न स्रोतहरुको प्राथमिकीकरणका आधारमा नयाँ स्रोतहरुको पहिचान तथा विद्यमान स्रोतहरुको दायरा विस्तार गर्दै राजश्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ । यसका लागि सम्बन्धित राजश्व शाखा एवं राजश्व परामर्श समिति क्रियाशिल हुनु पर्ने देखिन्छ ।

### ४.४.४ विभिन्न आयमूलक कार्यक्रम :

आफ्नो आन्तरिक आयक वृद्धिका लागि विद्यमान सम्पतिको परिचालन गरी व्यवसायिक सेवामूलक तथा आयमूलक कार्यक्रमहरु पनि सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गरी नयाँ वस्तु र सेवाको उत्पादन तथा ब्यापार गर्न सकिने भएकाले त्यसतर्फ नगरपालिकाले आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

### ४.४.५ पारदर्शीता र जवाफदेहिता :

प्रभावकारी राजश्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हुन सक्दछ । सङ्कलित राजश्व सार्वजनिक गर्नु पारदर्शीता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ । त्यसैगरि कर शिक्षा वडास्तरसम्म पुगि नागरिकलाई

जानकारी प्रदान गर्नु पारदर्शीताको राम्रो उदाहरण हुन सक्ने भएकाले यस तर्फ नगरपालिका अगाडी बढनुपर्ने देखिन्छ ।

### ४.४.६ परिवर्तित व्यवस्था अनुसार राजश्व सङ्कलन :

परिवर्तित व्यवस्था अनुसार राजश्व सङ्कलनको लागि कानुनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, सङ्कलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शीर्षकहरुमा समन्वयात्मक तरिकाले राजश्व सङ्कलन गर्नु तत्काल गर्नु पर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ ।

**उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको राजश्व परिचालन सम्बन्धमा निम्न मुद्दाहरु रहेको देखिन्छ :**

- राजश्व प्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तयार नहुनु ।
- भानु बजारमा रहेका व्यववसायहरुको तथ्याङ्क सङ्कलन हुनु पर्ने ।
- सबै वडामा रहेका सबै किसिमका व्यवसायको लगत सङ्कलन गर्नु पर्ने ।
- संगठन संरचनामा प्रभावकारी रुपमा राजश्व शाखा र पर्याप्त दक्ष कर्मचारीहरुको व्यवस्था हुन नसक्नु ।
- राजश्व प्रशासनका लागि आवश्यक कर्मचारी, तालिम तथा कार्य सम्पादन मूल्याङ्कन नहुनु ।
- राजश्व सम्बन्धी बक्यौताको अभिलेख नहुनु ।
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरुको दायरा विस्तारमा विशेष पहल नगर्नु ।
- आन्तरिक राजश्वका सम्भावनाहरुको खोजी नभई अन्दाजको भरमा आय अनुमान गर्नु ।
- स्थानीय तहलाई कानुन बमोजिम राजश्व अधिकारको परिचालन नगर्नु ।
- नगरबासीहरुलाई कर तथा गैह्रकर सम्बन्धी कर शिक्षा प्रदान नगर्नु ।
- राजश्व परामर्श समितिले नगरको राजश्व वृद्धिका लागि आवश्यक परामर्श दिन नसक्नु ।

# परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना

## ५.१ नगरपालिकाको राजश्व सुधार कार्ययोजना :

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको भानु नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा नगरपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजश्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

**यस अध्ययनबाट तयार गरिएको राजश्व सुधार योजना देहाय बमोजिमको रहेको छ :**

**तालिका १७ : राजश्वसुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **कर तथा गैह्र कर राजश्व** | | | |
| सम्पत्ति कर र मालपोत तथा भूमिकर | - करको दररेटलाई सुक्ष्म अध्ययन गरी व्यवस्थित र वैज्ञानिक बनाउनु पर्ने ।<br>- वडा कार्यालयबाट समेत कर लिन सक्ने अवधारणा अनुसार नेटवर्किङ्गमा आधारित वेभवेस्टसफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>- वडाहरुमा थप जनचेतना कार्यक्रम सञ्चालन गर्ने<br>- सम्पत्ति कर कार्यान्वयन कार्य विधि तयार गरि नगर सभाबाट पास गर्ने<br>- सम्पत्ति कर र मालपोत तथा भूमिकर पुनरावलोकन गर्ने | २०८१ भाद्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजश्व परामर्श समिति<br>नगर सभा<br>र राजश्व शाखा |
| व्यवसाय कर | - व्यवसायीसँग समन्वय गरी व्यवसायीहरुको वर्गीकरण गर्दै व्यवसायको प्रकृति हेरी करको दायरामा ल्याउने<br>- नगरपालिका भित्र संचालित विभिन्न व्यवसायहरुको तथ्याङ्क सङ्कलन गर्नु पर्ने<br>- नगरपालिका भित्र रहेका व्यवसायीहरुको तथ्याङ्क लिने<br>- व्यवसायीहरुलाई कर सम्वन्धी १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने<br>- दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा मा | आ.व. २०८१/०८२ भित्र | राजश्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा, वडा कार्यालय |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>- निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने<br>- वडा वडामा कर शिविर सञ्चालन गर्ने । | | |
| सवारी कर | - ठूला सवारीकरको सम्वन्धमा प्रदेश सरकार सँग समन्वय गर्ने र दर निर्धारण गर्न अनुरोध गर्ने<br>- सम्बन्धित सरोकारवालाहरुसँग छलफल गर्ने । | २०८१ जेष्ठ | प्रमुख प्रशासकीय अधिकृत<br>राजश्व शाखा |
| घर बहाल कर | - घर भाडामा लगाएका घरहरु पहिचान गरी सूचीकृत गरी करको दायरामा ल्याउने ।<br>- घर तथा जग्गाको बहाल दर निर्धारण गर्ने । | २०८१ असार मसान्त सम्म | राजश्व शाखा, राजश्व परामर्श समिति |
| बहाल बिटौरी शुल्क | - सरकारी जग्गाहरु, सरकारी जग्गामा बनेका संरचनाको अभिलेख तयार गर्ने | २०८१ असार मसान्त सम्म | राजश्व परामर्श समिति<br>राजश्व शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | - रजिष्ट्रेशन गर्नु पर्ने संघसंस्थाहरुको विवरण सङ्कलन गर्न वडा वडामा शिविर सञ्चालन गर्ने र त्यही शिविरमा व्यवसाय रजिष्ट्रेशन गरी प्रमाण पत्र दिने ।<br>- प्रकृति अनुसार वर्गिकरण कर दर्ता तथा नविकरण दस्तुर निर्धारण गर्ने । | २०८१ जेष्ठ मसान्त सम्म | राजश्व शाखा, राजश्व परामर्श समिति |
| अचल सम्पत्ति मूल्याङ्कन शुल्क | - सम्पत्ति कर र अचल सम्पत्ति मूल्याङ्कन अभिलेखलाई एकत्रित गर्ने ।<br>- मूल्याङ्कन शुल्क दर पुनरावलोकन गर्ने वैदेशिक र बैकिङ्ग प्रयोजनको रुपमा वर्गीकरण) | २०८१ असार मसान्त सम्म | राजश्व परामर्श समिति<br>राजश्व शाखा |
| वतावरण तथा पर्यटन सेवा शुल्क | - पर्यटन गुरुयोजना तयार गर्ने (परामर्शदता मार्फत्)<br>- पर्यटन विकासको प्रचुर सम्भावना बोकेको क्षेत्र पहिचान गर्ने, ऐतिहासिक महत्वका स्थल, धार्मिक स्थलहरुको विकास गरी विकास तथा पर्यटकीय सेवाहरुको व्यवस्थापन गरी सेवा शुल्क लगाउने | आ.व.०८०/०८१ देखि ०८१/०८२ सम्म | राजश्व शाखा,<br>प्रशासन शाखा<br>नगर कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - वातावरण तथा पर्यटन शुल्कको श्रोतहरुको विस्तृत सम्भाव्यता अध्ययन गर्ने | | |
| नक्शा पास दस्तुर | - नक्शा पास दस्तुरलाई व्यवस्थित गरि लागू गर्नु पर्ने । | निरन्तरता दिने | प्राविधिक शाखा<br>नगर कार्यपालिका |
| | - नियमित अनुगमन र दण्ड जरिवाना लगाउने व्यवस्था गर्ने । | नियमीत | प्राविधिक शाखा, राजश्व शाखा |
| पार्किङ शुल्क | - पार्किङ स्थल पहिचान गर्ने । | आ.व.०८०/०८१ भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| सरसफाई शुल्क | - बजार क्षेत्रमा रहेका घरहरुको तथ्याङ्क सर्भेक्षण गर्ने ।<br>- जोखिम युक्त फोहोरहरुको तथ्याङ्क लिने ।<br>- कवाडी व्यवसायीहरुको तथ्याङ्क लिई करको दायरामा ल्याउने । | २०८१ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजश्व शाखा |
| ढुङ्गा, गिट्टी, बालुवा बिक्री र निकासी | - श्रोत साधनको क्षेत्र निर्धारण गर्ने ।<br>- EIA/IEE प्रतिवेदन तयार गर्ने । | २०८१ असार सम्म | नगर कार्यपालिका र राजश्व शाखा |
| अन्य कर, दस्तुर तथा सेवा शुल्क | - नीति बनाउनु पर्ने, सेवाको वर्गीकरण गर्नु पर्ने ।<br>- सेवा प्रदान गर्दा अनिवार्य एकीकृत सम्पत्ति करको विल भरपाई पेश गर्नु पर्ने ।<br>- जथाभावी फोहोर मैला गर्नेलाई दण्ड जरिवाना गर्ने ।<br>- जग्गाको अव्यवस्थित खण्डीकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>- कल कारखाना, होटल व्यवसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट प्राकृतिक श्रोत उपयोग तथा वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा मापदण्ड बनाई थप सेवा शुल्क लिने<br>- प्राकृतिक श्रोत तथा बनजन्य वस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकार सँगको समझदारीमा सञ्चालन गर्ने । | २०८१ भाद्र देखि | राजश्व पारमर्श समिति |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **ख. नँया क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा परिचालन | - नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको अभिलेखीकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सोको परिचालन संभाव्यता अध्ययन गर्ने । | २०८२ अषाढ मासन्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>नगरकार्यपालिका, नगर सभा,सम्बन्धित वडा कार्यालयहरु |
| होमस्टे तथा पर्यटकीय स्थल | - नयाँ पहिचान /प्रवर्द्धन गर्ने | निरन्तर रुपमा | नगर कार्यपालिका / निजी क्षेत्र |
| फोहोर सङ्कलन र उर्जा उत्पादन | - फोहोरहरुको वर्गीकरण गरी उर्जा उत्पादन फोहोरबाट उर्जा प्लान्टको निर्माण । | २ वर्ष | नगर कार्यपालिका/ गै.स.स |
| व्यवसाय, घरबहाल सम्पत्ति कर | - आपसमा अन्तर सम्बन्धित गर्ने । | २०८२ अषाढ मासन्त सम्म | नगर कार्यपालिका |
| सार्वजनिक निजी साझेदारी | - निजी क्षेत्रसँग अन्तरक्रिया र खाका तयार गर्ने<br>- नीति तर्जुमा तथा योजना तयारी गर्ने<br>- प्रस्ताव आह्वान तथा कार्यान्वयन गर्ने | २०८३ अषाढ मासन्त सम्म | नगर कार्यपालिका |
| व्यवसाय, घरबहाल सम्पत्ति कर | - अन्तर सम्बन्धित गर्ने । | २०८३ अषाढ मासन्त सम्म | नगर कार्यपालिका |
| **ग. राजश्व प्रशासन** | | | |
| नीतिगत व्यवस्था | - राजश्व सुधार कार्ययोजना लगायत राजश्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरी नगर सभाबाट पास गर्ने ।<br>- पुरस्कार र दण्डको व्यवस्था गर्ने ।<br>- House Numbers/Training<br>- घर निर्माण सम्पन्नता जानकारी, नक्शा र करको Linkage | २०८१ असार मसान्त भित्र | - प्रमुख प्रशासकीय अधिकृत<br>- नगर सभा |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सांगाठनिक व्यवस्था | - कर्मचारीहरु संख्यामा थप गरी तालिम तथा प्रविधिको सीप विकास गर्ने ।<br>- राजश्व प्रशासन शाखा गठन गरी, राजश्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरु (कार्य स्थल, फर्निचर, कम्प्युटर, सफ्फट्वेयर आदि) मा बृद्धि गर्ने । | २०८२ अषाढ मासन्त सम्म | राजश्व परामर्श समिति<br>नगर कार्यपालिका |
| राजश्व सङ्कलन तथा अभिलेख | - राजश्व अभिलेखका वडाहरु समेतको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>- राजश्व प्रशासनमा सबै सेवाहरु सफ्टवेयर तथा कम्प्युटकृत प्रणाली मार्फत सेवा दिने | नियमित | राजश्व शाखा |
| सूचना तथा पारदर्शीता | - सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । नगरपालिका र वडामा करको दररेट सहित नागरिक वडापत्र राख्ने । | मासिक रुपमा | प्रमुख प्रशासकीय अधिकृत,<br>वडा सचिवहरु |
| प्रविधि/स्रोत साधन | - छिटो छरितो रुपमा कार्य सम्पादन गर्न आधुनिक प्रविधिकको प्रयोग गर्ने । (Software, Control Mechanism, Automatic System, Internet, Record maintain and GIS System) | नयाँ आ.व. २०८३ आषाढ मासन्तसम्म | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| जनशक्ति | - उपलब्ध जनशक्तिलाई तालिम दिने कर्मचारी थप गर्ने | आ.व.शुरु हुने वित्तिकै | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| जनचेतना/ प्रचार प्रसार | - राजश्व सङ्कलनको लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने । | निरन्तर | प्रशासन शाखा/शाखा प्रमुख |
| पारदर्शिता | - सङ्कलन गरिएका राजश्व रकम पारदर्शी ढङ्गबाट आय/व्यय विवरण राख्ने व्यवस्था गर्ने ।<br>- नियमन र अनुगमन लगायत प्रत्येक तीन तीन महिनामा आयव्ययको सार्वजनिकीकरण गर्ने । | निरन्तर आ.व. सुरुदेखि अन्तसम्म | आर्थिक प्रशासन शाखा,नगरपालिका ,वडा समिति |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने । | - प्रत्येक तीन महिनामा | - कार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| समीक्षा तथा प्रोत्साहन | - प्रत्येक तीन तीन महिनामा आयव्ययको सार्वजनिकीकरण गर्ने र कार्यपालिका बैठकमा समीक्षा गर्ने ।<br>- प्रत्येक छ महिनामा समीक्षा गर्ने ।<br>- वार्षिक रुपमा करदाताहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>- करदातालाई सम्मान गर्ने (बढी कर तिर्नेलाई)<br>- राम्रो काम गर्ने जनप्रतिनिधि तथा कर्मचारीलाई राजश्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन दिने) । | - निरन्तर<br>- वार्षिक<br>- -नगर सभा गर्ने दिनमा) | - प्रमुख प्रशासकीय अधिकृत<br>- कार्यपालिका |

### ५.१.१ नगरपालिकाको राजश्व सुधार रणनीति तथा कार्यनीति :

नेपालका संविधानको अनुसूचि ८ ले स्थानीय तहलाई कर संकलन गर्ने अधिकार प्रदान गरेको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ को (घ) मा १ देखी १३ सम्म विभिन्न कर तथा गैह्रकर संकलन गर्ने अधिकार प्रदान गरेको भएता पनि यस भानु नगरपालिकाले कानुनमा प्राप्त अधिकारको पूर्ण कार्यन्वय गरेको देखिदैन । नगरपालिकाले नगरसभा मार्फत आर्थिक ऐनमा कर तथा गैह्रकरका दरहरु नियमानुसार स्विकृत गरि नीति नियम निर्माण गरेको भएतापनि कार्यन्वय पूर्ण रुपमा हुन नसकेकोले यस राजस्व सुधार कार्ययोजना बमोजीम नगरपालिकाले देहाएका योजना बमोजीम कार्य अगाडी बढाएमा नगरपालिकाको आगामी आर्थिक बर्षहरुमा राजस्व वृद्धिहुने आधार एव सम्भावना देखिन्छ ।

**तालिका १८ : नगरपालिकाको राजश्व प्रक्षेपणका आधारहरु :**

| राजस्व संकेत | राजस्व शिर्षक | आय प्रक्षेपणका आधारहरु |
|---|---|---|
| ११३१३ | सम्पत्तिकर | नगरपालिकाले विभिन्न वडाहरुमा सडक विस्तार गर्ने, स्तरउन्नती गर्ने, कालोपत्रे गर्ने लगायतका कार्य गरेको छ भने यसै भौतिक निर्माणलाई आधार बनाई सम्पत्ति कर करको समय अनुकुल दरमा वृद्धि गर्ने गरि प्रक्षेपण गरिएको छ । |
| ११३१४ | मालपोत | नगरपालिकाले विभिन्न वडाहरुमा सडक विस्तार गर्ने, स्तरउन्नती गर्ने, |

| | | |
|---|---|---|
| | तथा भूमिकर | कालोपत्रे गर्ने लगायतका कार्य गरेको छ भने यसै भौतिक निर्माणलाई आधार बनाई मालपोत तथा भूमिकरको समय अनुकुल दरमा वृद्धि गर्ने गरि प्रक्षेपण गरिएको छ। |
| ११३५१ | व्यवसाय कर | नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण व्यावसायहरुको लगत संकलन गरि करको दायरामा ल्याउने गरि व्यवसाय करको प्रक्षेपण गरिएको छ । |
| ११३२१ | घर वहाल कर | नगरपालिका क्षेत्र भित्र रहेका व्यवसायीक भवनहरुको तथ्यांक संकलन गरि सम्बन्धीत टोल विकास संस्थाहरुसंग समन्वय गरि घर वहाल कर असूल गर्ने गरि आय प्रक्षेपण गरिएको छ । |
| ११४७० | मनोरंजन कर | हाल मनोरञ्जन करका सम्बन्धमा नगरपालिकाले उठान सकिरहेको छैन तर आगामी आर्थिक बर्षहरुमा केवल नेटवर्कहरु र नेट तथा इर्न्टनेटलाई मनोरञ्जनको दायरामा ल्याई कर असूल गर्ने गरि करको प्रक्षेपण गरिएको छ । |
| ११६१३ | व्यवसाय रजिष्ट्रशन शूल्क | स्थानीय उद्योग बाणिज्य संघसंग समन्वय र सहकार्य गरि सार्वजनीक नीजि साभेदारीको अवधारणको विकास गरि उद्योग एव व्यवसाय नगरपालिकामा दर्ता र रजिष्ट्रशन गर्ने गरि शूल्क संकलन गर्ने गरि प्रक्षेपण गरिएको छ । |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने राजस्व | ग्त आर्थिक बर्षको आयमा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । |
| १४२२६ | सरसफाई शूल्क | नगरपालिकाको सहरी वडाहरुमा सरसफाई साधनको प्रयोग गरि फोहरमैला उठाई घर घरबाट सरसफाई शूल्क संकलन गर्ने गरि आय अनुमान गरिएको छ । |

### ५.१.२ नगरपालिकाको राजश्व सुधार रणनीति तथा कार्यनीति :

नगरपालिका वर्तमान कानुनी व्यवस्था अनुसार स्थानीय तहलाई प्राप्त राजश्वको अधिकारहरु पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको देखिन्छ । नगरपालिकाले जारी गरेका आर्थिक ऐन तथा कार्यविधिहरुमा करका दर र दायरामा परिमार्जन आवश्यक देखिन्छ । यसमा नगरपालिकाले विषेश ध्यान दिनु पर्ने देखिन्छ । छलफल तथा अध्ययनको क्रममा नगरपालिकाले आन्तरिक राजश्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिको पालना गर्न सुझाव प्रस्तुत गरिएको छ ।

१. राजश्व सम्बन्धी कानुनी व्यवस्था सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।

२. राजश्व प्रशासनको संस्थागत सृदुढीकरण गरी व्यवस्थित बनाउने ।

३. राजश्व प्रणालीलाई सरल,सहज र करदातामैत्री बनाउने ।

४. समय अनुसार ईपेमेन्ट लगायतका सूचना प्रविधिको भरपुर प्रयोग गर्ने व्यवस्था मिलाउने ।

५. समन्वय र सहकार्यको अभिवृद्धि गर्ने ।

**तालिका १९ : राजश्व सुधार रणनीतिहरु तथा कार्यनीतिहरु :**

| रणनीति | कार्यनीति |
|---|---|
| राजश्व सम्बन्धी कानुनी व्यवस्था सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउन । | १. नगरपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै भइसकेका ऐन नियमहरुलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउँदै लगानी गरिनेछ ।<br>३. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>४. करको भार बहन क्षमता समेतका आधारमा कर नीतिलाई विवेक सम्मत र प्रगतिशील बनाइने छ ।<br>५.राजश्व श्रोतको दायरा यकिनका लागि तथ्याङ्कन सङ्कलन गरी सम्भाव्यताका आधारमा संख्या बढाउँदै लगिनेछ ।<br>६. समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ ।<br>७. नियमित एवं सबैभन्दा बढी कर तिर्ने करदातलाई एक विषेश समारोहमा सम्मान गरिने छ ।<br>८. राजश्वको श्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अधययन गरिने छ ।<br>९. राजश्व सुधार कार्ययोजना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ । |
| राजश्व प्रशासनको संस्थागत सृदुढीकरण गरी व्यवस्थित बनाउने । | १. नगरपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजश्व शाखाको सृदृढीकरण गरी क्षमता बृद्धि गरिनेछ ।<br>२. नगरपालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३. स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ । राजश्व शाखाका लागि आवश्यक उपकरणको व्यवस्था तत्काल व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ४. प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजश्व परिचालन बारे ज्ञान, सीप, अनुभव आदान प्रदान गरिनेछ ।<br>५. राजश्वको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनका लागी प्रयोग भएका रसिद तथा फारामहरुको उचित व्यवस्थापन गरिनेछ । |
| राजश्व प्रणालीलाई सरल, सहज र करदातामैत्री बनाउने । | १. कर सङ्कलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>२. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच कायम गरिनेछ ।<br>३. कर तथा राजश्व सूचना जानकारी नगरपालिकाको वेभसाइटमा राखिने छ । साथै यस्तो सूचना नगरपालिका तथा वडा कार्यालयको सूचना पाटिमा टाँस गर्ने व्यवस्था मिलाइनेछ ।<br>४.करदाता शिक्षा, कर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>५.महिला, अपाङ्गता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमुलीहरुलाई करमा विषेश छुटको व्यवस्था मिलाइनेछ । |
| समय अनुसार ईपेमेन्ट लगायतका सूचना प्रविधिको भरपुर प्रयोग गर्ने व्यवस्था मिलाउने | १. घरैबाट आफ्नो मोबाइल फोन मार्फत कर तिर्ने व्यवस्थाका लागि खल्ती, ईसेवा जस्ता सूचना प्रविधिको प्रयोग गरिनेछ ।<br>२. क्यू.आर.कोडको सञ्चालन अनुमती मिलाइनेछ । |
| कर शिक्षा वडागत रुपमा संचालन गर्ने व्यवस्था मिलाउने । | १.नगरका सबै वडाहरुमा कर शिक्षा कार्यक्रम संचालन गर्न सम्बन्धीत शाखालाई निर्देशन दिईने छ |
| सम्पत्ति कर तथा मालपोत करको समय अनुसार संशोधन एव पूनरावलोकन गर्ने व्यवस्था मिलाउने । | १. प्रतेक दिन दिन बर्षमा सम्पत्ति कर तथा मालपोत करको दरमा संशोधन गरिने छ । |

# परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण

## ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण :

माथि उल्लेखित राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई नगरपालिकाले सङ्कलन गर्ने आगामी तीन आर्थिक वर्षहरु (आ.व. २०८१।०८२ देखि २०८३।०८४ सम्म) को आयको सम्भाव्यतालाई प्रक्षेपण गरिएको छ । यो आय अनुमान गर्दा राजश्व सुधार कार्ययोजनामा योजना गरिएका कृयाकलापहरुको आधारमा तयार गरिएको हो । नगरपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानको क्रममा मार्गदर्शनको रूपमा लिन सक्दछ । राजश्व सुधार कार्ययोजनाको आधारमा रहेर आय प्रक्षेपण देहाय अनुसारका मान्यताहरुका आधारमा तयार पारिएको हो ।

**सामान्य मान्यताहरु :**

- नगरपालिकामा नयाँ उद्योग व्यवसायहरुको संख्या वृद्धि भएसँगै आय सङ्कलनको आधार (करको दायरा) स्वतः विस्तार भएको ।
- राजश्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात न.पा.को राजश्व प्रशासनमा सुधार आउने ।
- राजश्व प्रशासनमा सुधार आउनुले राजश्व सङ्कलन प्रभावकारी हुने ।

उल्लेखित प्रक्षेपणका आधारमा रही आगामी तीन आर्थिक वर्षहरुका लागि प्रक्षेपित आय देहाय बमोजिम गरिएको छ । आ.व.२०८०/०८१ मा अध्ययनका कममा प्राप्त नतिजाको आधारमा प्रक्षेपण गरिएको छ भने त्यसपछिका आ.व.हरुमा कमशः १० प्रतिशतले राजश्व बढ्दै जाने अनुमान गरिएको छ । यो अनुमान हालको आर्थिक ऐन र राजश्वका दरका आधारामा गरिएको छ । हाल भएको आर्थिक ऐन र राजश्वका दरमा वृद्धि भएमा हाल गरिएको प्रक्षेपणमा स्वत थप वृद्धि हुनेछ ।

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजश्व प्रक्षेपण :

नगरपालिकाको हालको सङ्कलन भएको राजश्व तथा विगत वर्षहरुमा सङ्कलन भएको राजश्वको आधार लिनुका साथै नगरपालिका रहेको कर्मचारी जनशक्तिको क्षमता र नगरपालिका क्षेत्रमा आन्तरिक आयको सम्भाव्यताहरुलाई समेत आकलन गरी विगत तिन आर्थिक बर्षको यर्थाथ आम्दानीलाई आधारमानी आगामी तिन वर्षको लागि देहाय बमोजिम राजश्व प्राप्त हुने गरी प्रक्षेपण गरिएको छ ।

तालिका नं २० मा नगरपालिकालाई प्रथम आर्थिक वर्ष २०८१/०८२ मा रु.३ करोड ६५ लाख ३३ हजार ९ सय ८५ यसै गरी दोस्रो आर्थिक वर्ष २०८२/०८३ मा प्राप्त हुने राजश्व रु.४ करोड २८ लाख ८३ हजार ५७ र अन्तिम तेस्रो आर्थिक वर्ष २०८३/०८४ मा रु.४ करोड १७ लाख ४२ हजार ७ सय ५० आन्तरिक राजश्व प्राप्त गर्न सक्ने सम्भावना देखिन्छ । यसैगरि तीन आर्थिक वर्षको आय प्रक्षेपण गर्दा नगरपालिकाले स्थानीय करबाट सबैभन्दा बढी र विभिन्न दस्तुर र सेवा शुल्कबाट ज्यादै कम आम्दानी हुने अनुमान भएको देखिन्छ । यसरी राजश्व सुधार कार्ययोजना तयार गर्दा नगरपालिकाले नगरवासीहरुलाई विभिन्न सेवा उपलब्ध गरी आय गर्नु पर्नेछ । यसलाई आगामी समयमा वृद्धि गर्दै जानु पर्ने देखिन्छ । माथि तालिकामा तीन आर्थिक वर्षको आय प्रक्षेपण गर्दा बढी २० प्रतिशत र कम्तिमा ४ प्रतिशतका दरले अर्को वर्ष आय वृद्धि हुने प्रक्षेपण गरिएको छ । जस अनुसार दण्ड जरीवाना तथा जन्म घटना दर्ता विलम्ब शुल्कहरुमा ४ प्रतिशत मात्र आय वृद्धि अनुमान गरिएको

छ भने विज्ञापन कर, विभिन्न सेवा शुल्कमा भने १० प्रतिशतभन्दा बढी आय अनुमान गरी राजश्व प्रक्षेपण गरिएको छ ।

## तालिका २० : नगरपालिकाको संक्षेपमा आय अनुमान

### विगत तीन बर्षको यर्थाथ आय तथा आगामी तीन आर्थिक वर्षहरुका लागि आय प्रक्षेपण

| राजश्व संकेत | राजश्व शिर्षक | यर्थाथ विगत तीन वर्षको आय रु हजारमा | | | औष द वृद्धि दर ( प्रति शत) | प्रस्तावित आय चालु आ.व०८०।०८१ | प्रक्षेपित आय आगामी तिन आ.व. रु,हजारमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १००००० | कुल आन्तरिक राजश्व प्राप्त | ३००८९ ,२ | ४०६४५.२ | ३३५०१.४० | ५ | ३५२५३.८ | ३६५३३.९ | ४०२८८.३ | ४१७४२.७ |
| ११३२० | स्थानीय कर वापत प्राप्त | २१९५०.१ | ३१०८१.३ | २४५८५.७ | ५.२५ | २५४४६.६ | २५७५६.० | २७५०१.२ | २८०४७.२ |
| ११३२१ | विभिन्न सेवा शुल्क वापत प्राप्त | १९७२.३ | ११२३.५ | १४०२.० | ५ | १४७२.१ | १६९६.४ | १८६६.० | १९३५.० |
| ११३२२ | विभिन्न दस्तुर वापत प्राप्त | ६१६६.८ | ८४४०.२ | ७५१३.६ | ५ | ७८८९.३ | ९०८१.५ | १०९२१.० | ११७६०.५ |
| ११३२३ | स्थानीय कर वापत | २१९५०.१ | ३१०८१.३ | २४५८५.७ | | २५४४६.६ | २५७५६.० | २७५०१.२ | २८०४७.२ |
| ११३२४ | घर बहाल कर | १८२९.६ | ६४९.४ | १६०४.०६ | १० | १७६४.४ | १९४०.९ | २१३५.० | २१५०.० |
| ११३२५ | सम्पत्ति कर | ४६१०.९ | ४४५४.९ | ४५८८.३४ | १० | ५०४७.१ | ५५५१.९ | ६१०७.० | ६२००.० |
| ११३२६ | भूमि तथा मालपोत कर | १०८६२.८ | १३०९३.२ | ० | १० | १४४०२.६ | १४५०२.६ | १५००३.० | १५१००.० |
| ११३२७ | व्यवसाय कर | ३१२.४ | ५३६.१ | ४२४.४२ | १० | ४६६.८ | ५१३.५ | ५६४.९ | ५८०.० |
| ११३२८ | विज्ञापन कर | | | ० | | | १००.० | १२०.० | १५०.० |
| ११३२९ | सवारी साधन कर | ६.० | | ० | | | ५.० | १५.० | १६.० |
| ११३ | प्राकृतिक स्रोत साधन बिकी कर | ४०८०.० | ४१७८.२ | १६४०.५० | १० | १६४०.५ | १८०४.५ | १९८५.० | २०००.० |

| राजश्व संकेत | राजश्व शिर्षक | यर्थाथ विगत तीन वर्षको आय रु हजारमा | | | औषद वृद्धि दर (प्रतिशत) | प्रस्तावित आय चालु आ.व०८०।०८१ | प्रक्षेपित आय आगामी तिन आ.व. रु,हजारमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| ३० | | | | | | | | | |
| ११३३१ | अन्य कर | २५३.५ | ८१६९.२ | १६३२८.४ | १० | २१२५.० | २३३७.५ | २५७१.२ | २७७१.२ |
| ११३३२ | **विभिन्न सेवा शुल्क वापत** | **१९७२.३** | **११२३.५** | **१४०२.०** | | **१५४२.२** | **१६९६.४** | **१८६६.०** | **१८३.५०** |
| ११३३३ | सरसफाई सेवा शुल्क | | | | | | | | |
| ११३३४ | वातावरण तथा निकासी शुल्क | | | | | | | | |
| ११३३५ | विभिन्न सिफारिस शुल्क | ६८.७ | ५००.५ | ५०३.७ | १० | ५५४.१ | ६०९.५ | ६७०.४ | ६८५.० |
| ११३३६ | अन्य विविध शुल्क | १९०३.५ | ६२३.० | ८९८.२ | १० | ९८८.० | १०८६.८ | ११९५.५ | ११५०.० |
| ११४१० | **विभिन्न दस्तुर वापत** | **६१६६.८** | **८४४०.२** | **७५१३.६** | | **८२६५.०** | **९०८१.५** | **११४५७.६** | **११६१२.५** |
| ११४११ | विभिन्न सिफारिस दस्तुर | ४२२६.० | ६९७५.७ | ६२२०.३ | १० | ६८४२.४ | ७५२६.६ | ८२७९.३ | ८३००.० |
| ११४१२ | घर नक्शा पास दस्तुर | ५७१.६ | ४८०.२ | २७३.२ | १० | ३००.५ | ३३०.६ | ३६३.६ | ३७०. |
| ११४१३ | नाता प्रमाणित दस्तुर | ३८४.९ | २१४.९ | ४२७.९ | १० | ४७०.७ | ५१७.८ | ५६९.६ | ५८९.५ |
| ११४१४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०५.३ | १९५.८ | २६७.१ | १० | २९३.८ | ३२३.१ | ३५.० | ३८.० |
| ११४१५ | प्रशासनिक दण्ड तथा जरिवाना | २४९.२ | ११४०२१.० | १६७.० | १० | १८३.७ | १९२.० | २१०.० | २१५.० |
| ११४१६ | अन्य विभिन्न दस्तुर | ५२९.६ | ४५९.५ | १५७.९ | १० | १७३.७ | १९१.१ | २०००.० | २१०००.० |

# परिच्छेद सात : अपेक्षित नतिजा

## ७.१ नगरपालिकाको संक्षेपमा आय अनुमान :

प्रस्तुत राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट भानु नगरपालिकाको आन्तरिक आय प्रथम वर्ष (२०८१/०८२) मा रु.३,६५,३३,९५०.० त्यसैगरि दोस्रो आ.व. (२०८२/०८३) र तेस्रो आ.व. (२०८३/०८४) मा क्रमश रु.४,०२८,८,३५७.३४ र रु.४,१७,४२,७५०.० हुने अनुमान गरिएको छ । त्यसैगरि विगत आर्थिक २०७७/०७८ मा रु.३,००८,९,२७४।२९ यसै गरी दोस्रो आर्थिक वर्ष २०७८/०७९ मा रु,४,०,६४,५,२०३।३१ र तेस्रो आर्थिक वर्ष २०७९/०८० मा रु,३,३५,०१,४०७।७१ यथार्थ आम्दानी भएको देखिन्छ । यस प्रकार विगत तीन आर्थिक वर्षको आन्तरिक राजश्वको अध्ययन गर्दा पहिलो वर्षको तुलनामा दोस्रो आर्थिक बर्षमा ३५ प्रतिशत वृद्धिभएको देखिन्छ भने तेस्रो आर्थिक वर्षमा पहिलो आर्थिक वर्षको तुलनामा ११.३५ प्रतिशत मात्र वृद्धि भएको देखिन्छ तर दोस्रो वर्षको तुलनामा तेस्रो वर्षको राजश्व २१.३२ प्रतिशतले कम आम्दानी भएको तथ्याङ्कबाट देखिन्छ । यसरी विगत तीन आर्थिक वर्षको यर्थाथ आय अध्ययन गर्दा वार्षिक रुपमा वृद्धि हुँदै जानु पर्नेमा सो नभई पहिलो आर्थिक वर्षभन्दा पछिल्लो आर्थिक वर्षमा कम आय भएको देखिन्छ । तर राजश्व विषेश कारण वा परिस्थित बाहेक वार्षिक वृद्धि हुँदै जानुपर्ने करको मान्यता अनुरुप आगामी वर्षको भने वृद्धि दर वार्षिक रुपमा राखिएको छ । यस नगरपालिकामा आन्तरिक राजश्वका श्रोतहरुमा सम्पत्ति कर, भूमि कर, नक्शा पास दस्तुर, व्यवसाय कर, घर जग्गा बहाल कर, प्राकृतिक श्रोतबाट हुने आम्दानी आदि प्रमुख रुपमा देखिन्छ ।

यस नगरपालिकाको आगामी ३ वर्षको आय प्रक्षेपण गर्दा आन्तरिक आयका अतिरिक्त संघीय सरकारबाट प्राप्त हुने आम्दानीलाई पनि समावेश गरिएको छ । कुल बजेटको आकारमा प्रक्षेपणको प्रथम वर्षभन्दा दोश्रो वर्षको कुल बजेटमा बढीमा ४ देखि १० प्रतिशतसम्म थप गरिएको छ । हाल नेपालमा व्यापार व्यवसायका हिसाबले कम हुँदै आएको छ भने आर्थिक मन्दिका कारण करदाताहरुले समेत स्थानीय तहलाई बढी कर बुझाउन नसक्ने देखिन्छ भने अर्कोतर्फ नेपाल सरकारमा समेत आर्थिक मन्दिका कारण चालु आर्थिक वर्षहरुमा न्यून अनुदान प्राप्त भएको र आगामी आर्थिक वर्षहरुमा बिस्तारै सुधार भई थप अनुदान प्राप्त हुनेछ भन्ने मान्यताका आधारमा आय प्रक्षेपण गरिएको छ । प्रक्षेपित आय अनुमानमा सामाजिक सुरक्षा भत्ता वापतको रकम समावेश गरिएको छैन । वित्तीय हस्तान्तरण मार्फत सम्बन्धित स्थानीय तहमा उक्त रकम प्राप्त हुने भएकाले स्थानीय तहको बजेटमा सो रकमलाई समावेश गरिएको छैन ।

## तालिका नं २१ नगरपालिकाको आय संरचनाको सारांश

| राजस्व शिर्षक | यर्थाथ आय रु,हजारमा | | | आगामी ३ बर्षको को् अनुमान रु,हजारमा | | |
|---|---|---|---|---|---|---|
| **संघीय सरकारतर्फ** | **२०७८/०७९** | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** |
| क) समानिकरण अनुदान | ८३९८२.१ | ९७८३६.० | ९९८२६.१ | १००३५९.० | ११०३९४.९ | १२१४३३.४ |
| ख) शर्सत अनुदान | ३८८७७५.० | ४६८९८०.० | ४३८७७१.३ | ४८२६४८.० | ५३०९१२.८ | ५८४००३.२ |
| ग) बिशेष अनुदान | ३५७८०.० | २३५७७.० | ३६७००.० | ४०३७०.० | ४४४०७.० | ४८८४७.७ |
| घ) राजस्व बाँडफाँड | ७६२५०.४ | ३६७०० | ७६२५०.४ | ८३८७५.० | ९२२६२.५ | १०१४८८.२ |
| ङ) विविध अनुदान | १५००.० | ० | 0 | 0 | 0 | 0 |
| **जम्मा** | **५८६२८७.५** | **६२७०९३.०** | **६५१५४७.८** | **७०७२५२.०** | **७७७९७७.२** | **८५५७७२.५** |
| **प्रदेश सरकार** | | | | | | |
| क) समानिकरण अनुदान | १४२१४.० | १५२२२.० | १४२१४.० | १५६३५.४ | १७१९८.५ | १८९१७.८० |
| ख) शर्सत अनुदान | ९५०.० | ८५०.० | ७५०.० | ८२५.० | ९०७.५ | ९१६५.७ |
| ग) बिशेष अनुदान | १०००.० | २५००.० | १५००.० | १६५०.० | १८१५.० | १९९६.५ |
| घ) राजस्व बाँडफाँड | १५५३२.० | १०३३५.० | १२१३३.८ | १३३४७.१ | १४६८१.७ | १६१४९.१ |
| ङ) समपुरक अनुदान | ३४००.० | २७००.० | २५००.० | २७५०.० | ३०२५.० | ३३२७.५ |
| **जम्मा** | **३५०९६.०** | **३१६०७.०** | **३१०९७.८** | **३४२०७.५** | **३७६२७.७** | **४१५५६.६** |
| **नगरपालिकाको तर्फबाट** | | | | | | |
| क) आन्तरिक आय | ३६७०० | १७८८१.१ | २०८६६ | ३६५३३.९ | ४०२८८.३ | ४१७४४.४ |
| ख) संञ्चित कोष | ० | ५००.० | ० | ५५०.० | | ६०५.० |
| ग) विविध आय | | | | | १५०.० | |
| **जम्मा** | **३६७००.०** | **१८३८१.१.०** | **२०८६६.०** | **३७०८३.९** | **४०४३८.३** | **४२३४९.४** |
| **कुल जम्मा** | **६५८०८३.५** | **६७७०८१.१** | **७०३५११.६** | **७७८५४३.४** | **८५६०४३.२** | **९४७६७८.५** |
| **कुल आयको आन्तरिक आयको हिस्सा (प्रतिशत** | **५.५७ +** | **२.७१ +** | **२.९६ +** | **४.७६ +** | **४.७२ +** | **४.४६ +** |

नगरपालिकाको आय संरचनाको सारांशलाई अनुमान गर्दा संघिय सरकार र प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिका अनुदानलाई प्रत्येक पछिको आर्थिक बर्षमा थप ८ देखी १० प्रतिशतका दरले अनुदान प्राप्त हुन्छ भन्ने आधारमा प्रक्षेपण गरिएको छ भने आन्तरिक आयको आयलाई समेत कार्ययोजना बमोजीम करका दायराहरु विस्तार भएमा १० देखी २० प्रतिशत भन्दा बढी आन्तरिक आम्दानी हुने गरि अनुमान गरिएको छ । नगरपालिमा हाल राजस्व शाखा गठन नभएको कारणबाट पनि आन्तरिक आय संकलन गर्नुपर्ने जति नभएको देखिन्छ तसर्थ शाखा गठन भई दक्ष कर्मचारीको व्यवस्थापन भएमा २० प्रतिशत सम्म थप आय हुन सक्ने सम्भावना भएकोले सोही बमोजीम अनुमान गरिएको छ । नगरपालिकामा कुल आम्दानीको मध्ये आन्तरिक आम्दानी हिस्सा ५.५७ देखी कम्तिमा ३ प्रतिशत भएकोमा आगामी आर्थिक बर्षहरुमा करिव ५ प्रतिशतको हाराहारीमा हिस्सा ओगट्ने देखिन्छ ।

# परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन :

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य श्रोत साधनका अतिरिक्त अनुगमनको लागि भरपर्दो पद्धति तथा संयन्त्र हुन आवश्यक हुन्छ । राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि यसको नियमित अनुगमनको व्यवस्था गरिनु जरुरी हुनछ । राजश्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रुपमा राजश्व शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समितिका पदाधिकारीहरुको भूमिका महत्तपूर्ण हुन्छ ।

अनुगमनबाट नगरपालिकाको राजश्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयनको अवस्था, राजश्व असुलीको प्रवृत्ति एव लक्ष्य अनुरुप भए नभएको अवस्थाको विश्लेषण, राजश्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजश्व कोषमा दाखिला गरे नगरेको आदि कुराहरु नियमित रुपमा अनुगमन गरी सोको सूचना अद्यावधिक गर्नु पर्दछ । यस्ता सुचनाले नगरपालिकालाई आवश्यक अनुसार निर्णय गर्ने, निर्देशन तथा नगरपालिकाको आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजश्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि निम्न बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्न उपयुक्त हुने देखिएकोछ ।

**तालिका नं २२ अनुगमन एव मूल्यांकनको तालिका**

| अनुगमनको विषय | जिम्मेवार निकाय | समयवधि | अनुगमन प्रकिया |
|---|---|---|---|
| राजश्व असुली | राजश्व शाखा | दैनिक, मासिक, चौमासिक र वार्षिक । | स्थलगत अनुगमन गर्ने । लक्ष्य तथा प्रगति अनुगमन गर्ने । |
| राजश्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | दैनिक, मासिक, चौमासिक र वार्षिक । | स्थलगत अनुगमन गर्ने । लक्ष्य तथा प्रगति अनुगमन गर्ने । |
| राजश्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समिति, कार्यपालिका | दैनिक, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने । नतिजामूलक अनुगमन एवं खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने । |
| समन्वय तथा सहकार्य | प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा राजश्व परामर्श समिति, | दैनिक, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने । समन्वय र सहजीकरण गर्ने, मार्गदर्शन तथा निर्देशन |

| अनुगमनको विषय | जिम्मेवार निकाय | समयवधि | अनुगमन प्रकिया |
|---|---|---|---|
| | कार्यपालिका | | दिने गर्ने |
| राजश्व नीति | प्रमुख प्रशासकीय अधिकृत,<br>राजश्व शाखा<br>राजश्व परामर्श समिति,<br>कार्यपालिका,<br>नगर सभा | चौमासिक र वार्षिक | चैमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति तयार गरी सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान |
| राजश्व प्रतिवेदन | प्रमुख प्रशासकीय अधिकृत,<br>राजश्व शाखा<br>राजश्व परामर्श समिति,<br>कार्यपालिका,<br>नगर सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरु सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने । |
| समीक्षा | उपप्रमुख | चौमासिक र वार्षिक | लक्ष्य र उपलब्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने लक्ष्य र प्रगतिको तुलना गर्ने । |

राजश्वका श्रोत अनुसार अनुगमन गर्दा सर्वप्रथम अनुगमनका सूची तयार गरी समूह सदस्यहरुलाई विषयवस्तुका बारे जानकारी गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ । अनुगमनको प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ । नगरपालिकाले संस्थागत स्वमूल्याङ्कन गर्दा यस कार्ययोजनाका सम्बन्धित विषयलाई आधार लिन सकिन्छ ।

कार्ययोजनामा उल्लेख गरिएका कार्यहरु सम्पन्न गर्न नगरपालिकाले आफ्नै बजेट तथा अन्य सहयोगी निकाय तथा परियोजनाहरुबाट पनि सहयोग लिन सक्नेछ । नगरपालिकाले आफ्नो वार्षिक योजना तथा बजेटमा राजश्व सुधार कार्यक्रम अन्र्तगत निम्न क्रियाकलापहरु सञ्चालन गर्ने तथा सोको लागि नगरपालिकाले आवश्यक बजेट व्यवस्था गर्न आवश्यक देखिन्छ ।

* राजश्व शाखा तथा सबै वडा कार्यालयमा सफ्टवेयर जडान गरी आयका सबै शीर्षकहरुको दर समावेश गर्ने ।

* सम्पत्ति कर र भूमि करको दर पुनरावलोकन गर्ने ।

* बजार क्षेत्रमा करदाता शिक्षा कार्यक्रम तथा राजश्व सङ्कलन शिविर सञ्चालन गर्ने ।

* कर्मचारीहरुको क्षमता विकास तथा कर्मचारी प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

* वातावरण शुल्क तथा पर्यटन शुल्कको श्रोतहरुको विस्तृत सम्भाव्यता अध्ययन गर्ने ।

* वडा वडामा राजश्व सङ्कलनको अनुगमन गर्ने ।

नगरपालिकालाई प्रदाान गरिएको राजश्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतदेखि नै उपयोग गरिदै आएको छ । विगतका आ.व.मा नसमेटिएका राजश्वका अधिकारहरु मध्ये आय सङ्कलन हुन सक्ने क्षेत्रहरुको पहिचान गरी प्राथमिकता र्निधारण गरी कार्यान्वयन गर्नु उचित हुन्छ ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन समितिको संरचना :

देहायका जनप्रतिनिधि तथा संघसंस्थाका प्रतिनिधीहरु समेतको एक अनुगमन तथा मूल्याङ्कन समितिको गठन गर्ने :

| | |
|---|---|
| (क) उपप्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) उद्योग वायिाज्य संघको प्रतिनिधि | -सदस्य |
| (घ) आर्थिक विकास समितिका संयोजक | -सदस्य |
| (ङ) कर सम्बन्धी बिषय विज्ञ | -सदस्य |
| (च) राजश्व शाखा प्रमुख | -सदस्य सचिव |

उक्त अनुगमन समितिमा आवश्यकता बमोजिम अन्य पदाधिकारी, कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिन्छ भने नगर प्रमुखलाई समेत विशेष आमन्त्रित सदस्यको रुपमा व्यवस्थापन गर्न सकिन्छ । यसैगरि सम्बन्धित क्षेत्रको व्यवसायको अनुगमन गर्दा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरुको समेत सहभागी गराउन सकिन्छ जस्तै : होटल व्यवसायी संघ, नागरिक समाज, माछामासु व्यवसायी संघ, घरेलु उद्योग महासंघ आदि । यस अनुगमन समितिमा आन्तरिक राजश्व कार्यालयका प्रमुख एवं प्रतिनिधिलाई पनि सहभागी गराउन सकिएमा विज्ञ सदस्य तथा संघीय सरकारको प्रतिनिधित्व हुनेछ । अनुगमन तथा मूल्याङ्कन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ तर समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

**अनुगमन समितिले निम्नानुसार कार्य गर्नेछ :**

* * अनुगमनका सबै क्रियाकलापहरुमा आवश्यक बजेट विनियोजन गर्न कार्यपालिकालाई अनुरोध गर्ने ।
* स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुको विभाजन गरी शाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
* जिम्मेवार शाखा वा कर्मचारीले आफूसँग सम्बन्धित कार्यजिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्नु पर्नेछ ।
* जिम्मेवार शाखा वा पदाधिकारीहरुबाट उनीहरुको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत मार्फत सङ्कलन गरी समीक्षा गर्ने ।
* राजश्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरुको कार्यान्वयनको अवस्थाको समीक्षा गर्ने ।
* प्रक्षेपित राजश्व असुलीमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्यका लागि कार्यपालिकामा प्रस्ताव पेश गर्ने ।

**अन्त्यमा :**

नेपालमा संघीय संरचना कार्यान्वयनसँगै गठन भएका ७५३ स्थानीय तह मध्येको यो भानु नगरपालिका पनि एउटा नेपाल कै ऐतिहासिक महत्व बोकेको पर्यटकीय सर्वपरिचित नगरपालिका हो । यस नगरपालिकाको तिब्र विकास गर्नका लागि केन्द्र सरकारको मात्र आशा नगरी आफ्नो आन्तरिक आयलाई पनि त्यतिकै प्राथमिकतामा राखी आयका स्रोतको खोजी गरी आम्दानी बढाउने क्रममा नगरपालिकाका प्रमुखज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु पनि आन्तरिक आयको व्यवस्थापन गर्न तदारुकता देखाएको पाइयो । अझ यो भन्दा बढी सक्रियता बिना उल्लेखित उद्देश्य हाँसिल गर्न नसकिने भएकाले जनप्रतिनिधि र कर्मचारी सबै लगनशील एवं कार्यकुशलतापूर्वक आन्तरिक आय सङ्कलन गर्न लाग्नु पर्ने देखिन्छ ।